जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



वर्ष २८ • अंक ८२ • २०८३ साल साउन २५ गते सोमबार (10 August, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## सदस्यता विवादः
# धनुषासहित ५ जिल्ला प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको आगामी महाधिवेशनको तयारी भइरहेका बेला पार्टीभित्रको क्रियाशील सदस्यता विवाद अझै समाधान हुन सकेको छैन । देशका २८ जिल्लाका ६० भन्दा बढी निर्वाचन क्षेत्र तथा स्थानीय तहमा सदस्यता सम्बन्धी विवाद कायमै रहेको कांग्रेसले जनाएको छ।

महामन्त्री तथा सदस्यता व्यवस्थापन समितिका संयोजक प्रदीप पौडेलले आइतबार केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत गरेको पछिल्लो विवरणअनुसार मधेश प्रदेशका पाँच जिल्लामा क्रियाशील सदस्यताको समस्या अझै टुंगिन बाँकी छ । धनुषा, सिराहा, सप्तरी, सर्लाही र पर्साका विभिन्न निर्वाचन क्षेत्र तथा स्थानीय तहमा सदस्यता अद्यावधिक र विवाद समाधानको काम पूरा हुन सकेको छैन ।

धनुषाको सदस्यता विवाद समाधानका लागि केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीलाई जिम्मेवारी दिइएको छ भने सिराहामा सुवास पोखरेललाई विवाद समाधानको जिम्मेवारी दिइएको कांग्रेसले जनाएको छ।

सर्लाहीमा भने पार्टी सभापति र अन्य नेताबीच छलफल गरेर विवाद टुंग्याउनुपर्ने अवस्था रहेको छ । मधेश प्रदेशको अन्य जिल्लामा पनि सदस्यताको विवरण अद्यावधिक, क्षेत्रगत विवाद तथा स्थानीय तहमा देखिएका समस्याका कारण अन्तिम सूची तयार गर्न ढिलाइ भइरहेको छ।

कांग्रेसले विवाद समाधानका लागि विभिन्न जिल्लामा केन्द्रीय नेताहरूलाई जिम्मेवारी तोकेको छ। भोजपुरमा महामन्त्री विश्वप्रकाश शर्मा, बागलुङमा केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, कञ्चनपुरमा दिलेन्द्रप्रसाद बडू र बाँकेमा प्रदीप शर्मालाई जिम्मेवारी दिइएको छ।

देशभर झापा, मोरङ, सुनसरी, इलाम, संखुवासभा, भोजपुर, दोलखा, नुवाकोट, भक्तपुर, बागलुङ, नवलपरासी, कपिलवस्तु, रुपन्देही, बाँके, सुर्खेत, मुगु, कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बाजुरा र बझाङलगायतका जिल्लामा पनि सदस्यता विवाद वा अद्यावधिकको काम बाँकी रहेको विवरणमा उल्लेख छ।

केही जिल्लामा विवाद राजनीतिक सहमतिसँग जोडिएको छ भने केहीमा प्राविधिक कारणले सदस्यता विवरण अद्यावधिक हुन सकेको छैन। मोरङमा अद्यावधिक गर्न बाँकी रहेको, दोलखामा 'एक्सेल फाइल इन्ट्री'को समस्या रहेको तथा नुवाकोटमा कार्यवाहक सभापति तोक्नुपर्ने अवस्था रहेको कांग्रेसको विवरणमा उल्लेख छ।

कैलालीमा भने सदस्यता सम्बन्धी काम लगभग सकिएको जनाइएको छ। डडेल्धुरा र बाजुरामा भने सदस्यता अद्यावधिकको काम बाँकी रहेकाले अन्तिम सूची तयार हुन सकेको छैन।

कांग्रेसको आगामी महाधिवेशनका लागि क्रियाशील सदस्यता महत्वपूर्ण आधार मानिन्छ।

## मधेशमा मन्त्रालयदेखि निकायसम्म पुनर्संरचनाको तयारी
# खर्च घटाउँदै प्रशासनिक प्रभावकारिता बढाउने योजना, १२ बाट ९ मन्त्रालय कायम गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले प्रशासनिक खर्च घटाउँदै सरकारी संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउन मन्त्रालय तथा मातहतका निकायको व्यापक पुनरावलोकन थालेको छ। संगठन पुनर्संरचना, दरबन्दी कटौती, सार्वजनिक निकायको एकीकरण तथा खारेजी, बजेट व्यवस्थापन र कर्मचारीको क्षमता विकासलाई प्राथमिकतामा राख्दै सरकारले प्रशासनिक संरचना सुधारको गृहकार्य अघि बढाएको छ।




सरकारले मुख्यमन्त्रीसहित हाल कायम १२ वटा मन्त्रालयलाई घटाएर ९ वटा कायम गर्ने तयारी गरेको स्रोतले दाबी गरेको छ । मन्त्रालयको संख्या घटाएर प्रशासनिक खर्च नियन्त्रण गर्नुका साथै उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्ने सरकारको उद्देश्य छ। यसका लागि गाभिने मन्त्रालयबाहेक पाँचवटा मन्त्रालयमा कम्तीमा १५ प्रतिशत दरबन्दी कटौती गर्ने नीति अघि सारिएको जनाइएको छ।

मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकनमार्फत आवश्यकताअनुसार दरबन्दी निर्धारण गर्ने काम भइरहेको जनाइएको छ। अर्थ मन्त्रालयले आफ्नो ओएन्डएम सर्वेक्षण पुनरावलोकन सम्पन्न गरी प्रतिवेदनसमेत मन्त्रिपरिषद्मा पेश गरिसकेको छ । अर्थमन्त्री युवराज भट्टराईले पुनरावलोकनका क्रममा अर्थ मन्त्रालयको करिब ३२ प्रतिशत दरबन्दी कटौती गरिएको जानकारी दिए।

अर्थमन्त्री भट्टराईले ओएन्डएम सर्वेक्षण पुनरावलोकनसम्बन्धी प्रतिवेदन केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकमा पेश भइ निर्णयसमेत भइसकेको प्रस्ट्याए। अन्य मन्त्रालयको पुनरावलोकन प्रक्रिया भने अझै जारी रहेको छ।

ओएन्डएम सर्वेक्षण पुनरावलोकनका लागि मन्त्रिपरिषद् बैठकबाट अर्थ मन्त्रालयसहित उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयले सैद्धान्तिक सहमति लिएका थिए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी रोहित कोइरालाले अर्थ मन्त्रालयबाहेक अन्य मन्त्रालयको ओएन्डएम सर्वेक्षण पुनरावलोकनको काम जारी नै रहेको बताए। उनले सम्बन्धित मन्त्रालयमा आवश्यक अध्ययन तथा प्रक्रियागत काम भइरहेको बताए। यसैबीच मधेश प्रदेश सरकार मातहत रहेका विभिन्न सार्वजनिक निकाय, समिति, बोर्ड, प्रतिष्ठान तथा अन्य संस्थागत संरचनाको समेत पुनरावलोकनको कार्यसमेत थालिएको छ। त्यसका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव सम्मिलित कार्यदल गठन गरिएको छ।

कार्यदलले प्रदेश सरकार अन्तर्गत रहेका निकायको आवश्यकता, कार्यक्षेत्र, प्रभावकारिता तथा आर्थिक भारको अध्ययन गरिरहेको छ । समान प्रकृतिका काम गर्ने निकायबीच रहेको दोहोरोपन पहिचान गरी आवश्यक निकायलाई सुदृढ गर्ने तथा आवश्यकता नरहेका वा समान प्रकृतिका निकायलाई एकीकरण, पुनर्संरचना वा खारेजीका लागि आधार तयार गर्ने सरकारको योजना छ।

मन्त्रालयको संख्या घटाउने विषयमा भने अर्थमन्त्री भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले यसअघि नै सरकारलाई सुझाव दिइसकेको छ।

कार्यदलले असार १८ गते मुख्यमन्त्रीलाई ९ वटा मन्त्रालय कायम गर्न सिफारिस गरेको थियो।

उक्त सिफारिसलाई आधार बनाउँदै सरकारले मन्त्रालयको संख्या ९ मा सीमित गर्ने तयारी अघि बढाएको छ । सरकारले अबको केही दिनभित्र मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालयको संख्या घटाउने तयारी गरेको छ।

मन्त्रालय तथा सरकारी निकायको पुनर्संरचनालाई सरकारले केवल संरचना घटाउने योजनाका रूपमा नभइ प्रशासनिक खर्च नियन्त्रण, वित्तीय अनुशासन, जनशक्तिको प्रभावकारी परिचालन र सेवा प्रवाह सुधारसंग जोडिएको रुपमा अर्थमन्त्री भट्टराईको भनाइ छ।

## ग्यासको संकट हटेन :
# मधेशको बजारमा उपभोक्तालाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्ला केही दिनयता जनकपुरधामसहित मधेश प्रदेशका विभिन्न जिल्लामा देखिएको खाना पकाउने एलपी ग्यासको अभाव कायमै रहेको छ। ग्यासको अपारदर्शी आयात र बढ्दो उपभोक्ताका कारण बजारमा आपूर्ति सहज हुनसकिरहेको छैन।



गत असार ३१ गतेदेखि सरकारले १४ दशमलव २ किलोग्राम क्षमताको पूर्ण सिलिन्डर ग्यास बिक्री वितरण शुरु गरेपछि सुरुवाती चरणमा बजारमा माग र आपूर्तिबीच असन्तुलन देखिएको थियो। यसअघि करिब चार महिनासम्म ७ दशमलव १ किलोग्राम अर्थात् आधा सिलिन्डर ग्यास बिक्री हुँदै आएको थियो। पूर्ण सिलिन्डरमा फर्किएसंगै उपभोक्ताको माग एक्कासी बढ्दा जनकपुरधामसहित मधेशका बजारमा ग्यास पाउन कठिन भएको थियो।

नेपाल आयल निगमले पछिल्लो समय भारतबाट एलपी ग्यासको आयात निरन्तर बढिरहेको जनाएको छ। निगमको एलपी ग्यास विभागका निर्देशक विनितमणि उपाध्यायले अहिले दैनिक एक सयभन्दा बढी बुलेट भारतका रिफाइनरीबाट लोड भएर नेपाल भित्रिरहेको बताए।

उनले बढीमा एक साताभित्र ग्यासको बिक्री वितरण पूर्णरूपमा सहज हुने अपेक्षा गरिएको बताउँदै उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न आग्रह गरेका छन्।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा भने ग्यासको आपूर्ति सहज हुन ढुवानी व्यवस्थाले पनि प्रभाव पार्ने गरेको व्यवसायीहरू बताउँछन् । जनकपुरधाम क्षेत्रमा वीरगञ्ज, बारा तथा सिमरालगायतका औद्योगिक क्षेत्रबाट ग्यास आउने भएकाले उद्योगबाट ग्यास पठाइए पनि बजारसम्म आइपुग्न समय लाग्ने गरेको व्यवसायीहरूले बताएका छन्।

यस अघि तीनदिनमा आइपुग्ने ग्यास पछिल्लो समय ढुवानी प्रक्रियामा ढिलाइ हुँदा उपभोक्ताले लामो समय कुर्नुपरेको व्यवसायीहरूको गुनासो छ । व्यवसायीहरुले भने केही दिनदेखि ग्यास कम्पनीमै ग्यास आपूर्ति समयमा हुन नसक्दा बजारमा गयसको अभाव सृजना भएको दाबी गरेका छन् । विशेषगरी जनकपुरधामबाहेक मधेशका ग्रामीण तथा सीमावर्ती बजारमा नियमित आपूर्ति कायम राख्न ढुवानी व्यवस्थापन महत्वपूर्ण देखिन्छ।

यसअघि जनकपुरधाम क्षेत्रमा ग्यास आपूर्तिमा ढिलाइ हुनुमा बाहिरी जिल्लाका उद्योगबाट हुने आपूर्ति र बढ्दो ढुवानी लागतलाई व्यवसायीहरूले मुख्य कारणका रूपमा औँल्याए।

अमेरिका-इजरायल र इरानबीचको युद्धका कारण नेपाल आयल निगमले गत फागुन २९ गतेदेखि ७ दशमलव १ किलोग्राम ग्यास भरिएको आधा सिलिन्डर बिक्री गर्ने व्यवस्था गरेको थियो। त्यसले तत्कालीन आपूर्ति संकट केही हदसम्म समाधान गरे पनि ग्यासको आयातमा भने उल्लेख्य कमी आएको थियो।

नेपालमा सामान्य अवस्थामा मासिक करिब ४६ हजार मेट्रिक टन एलपी ग्यास खपत हुँदै आएको छ । फागुन २९ गतेदेखि असार ३१ गतेसम्मको चार महिनाको अवधिमा अघिल्लो सामान्य खपतको तुलनामा करिब ५० हजार मेट्रिक टन कम ग्यास आयात भएको निगमको तथ्यांक छ।

आधा सिलिन्डर बिक्रीका कारण उपभोक्ताको तत्कालीन माग घटेको भए पनि धेरै उपभोक्ताले पूर्ण सिलिन्डर पाउने आशामा खाली सिलिन्डर 'होल्ड' गरेर राख्दा अहिले पूर्ण सिलिन्डर वितरण सुरु भएपछि बजारमा माग एक्कासि बढेको उद्योगीहरू बताउँछन्।

जनकपुरधाममा पनि पूर्ण सिलिन्डर बिक्री सुरु गर्ने निर्णयबारे व्यवसायीहरूले यसअघि नै घोषणा गरेका थिए।

पछिल्लो समय ग्यासको आयात बढिरहेको तथ्यांकले मधेशसहित देशभरको आपूर्ति अवस्था सुधार हुने संकेत देखिन्छ।

गत आर्थिक वर्षको साउन महिनामा ४४ हजार ३१८ मेट्रिक टन एलपी ग्यास आयात भएको थियो । चालु आर्थिक वर्षको साउन महिनाको पछिल्लो २२ दिनमै ३९ हजार ७७४ मेट्रिक टन ग्यास आयात भइसकेको निगमले जनाएको छ। यही गतिमा आयात भइरहे चालु साउनमा करिब ५४ देखि ५५ हजार मेट्रिक टनसम्म ग्यास आयात हुनसक्ने अनुमान गरिएको छ।

नेपालमा दशैं, तिहार, छठलगायतका ठूला चाडपर्व नजिकिँदै जाँदा खाना पकाउने ग्यासको माग थप बढ्ने भएकाले सरकारले त्यसअघि नै आपूर्ति व्यवस्थापनमा जोड दिएको छ।


सरकारले तीन महिनाका लागि ग्यास आयातको कोटा बढाउन भारतसंग कूटनीतिक पहल गरिरहेको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बताइन्।

उद्योगमन्त्री यादवले बजारमा पर्याप्त ग्यास रहेको दाबी गर्दै उपभोक्तालाई हल्लाको पछि लागेर अनावश्यक सञ्चिती नगर्न आग्रहसमेत गरिन्।

मधेश प्रदेशमा ग्यासको माग उच्च रहने भएकाले आपूर्ति सहज बनाउन उद्योगी, डिलर र उपभोक्ता सबैको भूमिका महत्वपूर्ण देखिएको छ । विशेषगरी जनकपुरधाम, वीरगञ्ज, राजविराज, लहान, कलैया, मलङ्गवा लगायतका प्रमुख बजारमा नियमित आपूर्ति कायम राख्न वितरण प्रणालीलाई चुस्त बनाउनुपर्ने आवश्यकता छ।

निगममा गठन गरिएको 'क्विक रेस्पोन्स टिम'ले ग्यास नपाएको भन्दै आएका पाँच सयभन्दा बढी उपभोक्ताका गुनासो सम्बोधन गरिसकेको जनाएको छ । उपभोक्ताको गुनासाका आधारमा सम्बन्धित डिलर तथा उद्योगसंग समन्वय गरी ग्यास उपलब्ध गराउन सहजीकरण गर्ने काम टोलीले गरिरहेको छ।

जनकपुरधामसहितको बजार अनुगमनका क्रममा कृत्रिम अभाव तथा कालोबजारी फेला नपरेको निगमले जनाए पनि मधेशका जिल्लामा भने आपूर्ति, ढुवानी र वितरणको अवस्थाबारे नियमित अनुगमन आवश्यक रहेको उपभोक्ताहरु बताउँछन्।

# अनुदान कटौतीले बर्दिबास नपालाई समस्या



टुडे समाचारदाता

जलेश्वर । संघीय तथा प्रदेश सरकारबाट गरिएको अनुदान कटौतीले महोत्तरीको बर्दिबास नगरपालिकालाई विकास निर्माण र सेवा प्रवाहमा समस्या भएको छ । तथापि सीमित बजेटका बीच पनि सडक, स्वास्थ्य, सूचना प्रविधि र सुशासनका क्षेत्रमा काम अघि बढाएको नगरपालिकाले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ को 'वार्षिक समीक्षा कार्यक्रम'लाई हिजो अपरान्ह सम्बोधन गर्दै नगरप्रमुख प्रहलाद क्षेत्रीले बजेट कटौतीका बाबजुद नगरपालिकाले सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र सुशासनयुक्त बनाउँदै विकासका कामलाई अघि बढाएको बताए।

नगरप्रमुख क्षेत्रीका अनुसार आ.व. २०८२/८३ मा संघबाट ७१ करोड ८७ लाख रुपियाँ अनुदान प्राप्त हुनुपर्नेमा ६४ करोड ५० लाख रुपियाँ मात्र प्राप्त भएको छ । सात करोड ३७ लाख रुपियाँ बजेट घटेर आएको र प्रदेशको अनुदान पनि निराशाजनक रहेकाले त्यसको प्रत्यक्ष असर विकास निर्माणदेखि जनताको घरदैलोसम्म परेको उल्लेख गरे।

बजेट अभावकै बीच नगरपालिकाले नगर क्षेत्रमा १५ किलोमिटर अप्टिकल फाइबर विस्तार गरेको छ। यसलाई थप विस्तार गर्नु पर्ने आवशयकता छ। तर त्यसका लागि नगरपालिकासँग प्रयाप्त बजेट नरहेको उनले भने।

आर्थिक वर्ष २०८२/८३ मा २.८ किलोमिटर सडक कालोपत्रे, १० किलोमिटर ढलान र ३ किलोमिटर ग्राभेल गरी १६ किलोमिटर सडक स्तरोन्नति गरिएको छ । यस्तै २ हजार ३६४ मिटर पक्की नाला, १२ वटा कल्भर्ट र एउटा पक्की पुल निर्माण गरिएको नगरप्रमुख क्षेत्रीले दाबी गरे।

बर्दिबास अस्पतालमा फिजियोथेरापी, हाडजोर्नी तथा नशासम्बन्धी शल्यक्रिया, थाइरोइड परीक्षणरसाइकियाट्रिकओपिडीलगायत सेवा थपिएपछि सेवा लिने बिरामीको संख्या ४५ हजार नाघेको छ । अघिल्लो आर्थिक वर्षमा विरामीको यो संख्या करिब ३९ हजार ४ सय थियो।

भूमि व्यवस्थापनतर्फ नगर क्षेत्रका ९ हजार ७८४ भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरिएको छ । उनीहरूलाई कानुनी प्रक्रियामार्फत सेतो पुर्जा वितरणको तयारी भइरहेको नगरपालिकाले जनाएको छ।

# जेनजी आन्दोलनमा कागजात जल्दा एक खर्ब ४७ अर्बको हुन सकेन लेखा परीक्षण

टुडे समाचारदाता

काठमाडौं । जेनजी आन्दोलनको कारण धेरै कार्यालका कागजातहरु जलिसकेका कारण आर्थिक वर्ष २०८१/०८२ मा १७९ वटा कार्यालयको लेखा परीक्षण हुन नसकेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ।

महालेखाको ६३ औं प्रतिवेदनअनुसार १७९ कार्यालय तथा निकायले १ खर्ब ४७ अर्ब ९० करोडको लेखा परीक्षण गत भदौ २३ र २४ भदौ २०८२ को जेनजी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीले भएको क्षतिका कारण हुन नसकेको भनिएको छ।

उदाहरणका लागि केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्र काठमाडौंको ४ करोड ६ लाख ६ हजारको स्रेस्ता पेस नभएका कारण लेखा परीक्षण हुन नसकेको विवरण प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

'केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्र, काठमाडौंको २०८१/८२ को स्रेस्ता एवं त्यससँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ मा भएको आन्दोलन र घटनाका कारण विनियोजनतर्फ ३ करोड ८२ लाख २३ हजार, राजस्वतर्फ १४ लाख ३३ हजार र धरौटीतर्फ ९ लाख ५० हजारसमेत ४ करोड ६ लाख ६ हजार रुपैयाँको स्रेस्ता पेस नभएका कारण लेखा परीक्षण हुन सकेको छैन,' महालेखाको प्रतिवेदनमा भनिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै





प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखा परीक्षण गराउनुपर्ने व्यवस्था छ । तर आगजनी भएका कारण स्रेस्ता जलेकोले पेस गर्न नसकेको अवस्थामा के गर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था नरहेको भनेर संसदीय समितिमा यो विषय उठेको छ।

प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समिति सचिवालयका अनुसार लेखा समितिले ७ खर्ब ५५ अर्ब रुपैयाँ बढी बेरुजु फर्स्योट गर्नु पर्नेछ । यसमाथिको छलफलमा जेनजी आन्दोलनका क्रममा स्रेस्ता जलेको भनेर लेखा परीक्षण नभएको १ खर्ब ४७ अर्बको विषय उठेको हो । लेखा परीक्षण नभएको कार्यालय र निकाय संघ, प्रदेश र स्थानीय तह तीन वटै तहका सरकार अन्तर्गतका रहेका छन्।

२९ वैशाख २०८३ मा बसेको लेखा समितिको बैठकमा बेरुजु फर्स्योट गर्नु पर्नेसम्बन्धी विवरण प्रस्तुत भएको थियो। त्यसपछि ८ जेठ २०८३ मा बसेको लेखा समितिको बैठकमा नेकपा एमालेका प्रमुख सचेतक ऐनबहादुर महरले लेखा परीक्षण हुन नसकेको विषयमा के गर्ने भनेर प्रश्न गरेका थिए।

उनले भनेका थिए, '१ खर्ब ४७ अर्ब ९० करोडको लेखा परीक्षण हुन सकेको छैन भन्नुभयो। यसलाई गर्ने ? फर्स्योट गर्ने के छ तौर तरिका ?'

अहिलेसम्म सार्वजनिक लेखा समितिले यो प्रश्नको जवाफ दिन सकेको छैन । बरु यसबारे छलफल गर्न समितिले महालेखा परीक्षकसहितको उपस्थितिमा छलफल गर्दैछ। यो विषयमा छलफल गर्न लेखा समितिले आगामी मंगलबार बिहान ११ बजे बैठक राखिएको समिति सभापति भरतबहादुर खड्काले जानकारी दिए।

त्यस दिन छलफलमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, अर्थसचिव डा. घनश्याम उपाध्याय, मुख्यसचिव गोविन्दबहादुर कार्की र महालेखा परीक्षक तोयम रायालाई बोलाइएको छ । जेनजी आन्दोलनमा स्रोस्ता जलेर लेखा परीक्षण हुन नसकेको विषयलाई कसरी सम्बोधन गर्ने भनेर छलफल चलिरहेको छ।

तर यस्ता विषयलाई सम्बोधन गर्न सक्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा छ । नियमावलीको नियम १११ मा स्रेस्ता वा सरकारी कागजात प्राकृतिक प्रकोप वा दुर्घटनाका कारण जलेर/नष्ट भए के गर्ने भन्ने व्यवस्था छ। जहाँ 'मिनाहासम्बन्धी व्यवस्था' छ।

नियम १११ को उपनियम १ मा ' प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्यांकन गरी मिनाहाको सिफारिस गर्न' प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समिति रहने व्यवस्था छ।

नियमावलीअनुसार क्षति भएपछि स्वतः मिनाहा हुँदैन। समितिको प्रतिवेदनका आधारमा ५० लाख रुपैयाँसम्मको क्षति सम्बन्धित केन्द्रीय निकायको सचिवले र त्यसभन्दा बढीको क्षति नेपाल सरकारले मिनाहा गर्न सक्ने व्यवस्था छ।

नियम १११ को उपनियम (५) ले अन्य प्रकृतिका मिनाहाका लागि पनि छुट्टै सीमा तोकेको छ। ५ लाखसम्म सम्बन्धित सचिव, ५ देखि १० लाखसम्म तोकिएको समितिको सिफारिसमा र १० लाखभन्दा बढीमा समितिको सिफारिसमा नेपाल सरकारले मिनाहा गर्न सक्ने व्यवस्था नियमावलीमा छ।

# ५ हजार बिरुवा निशुल्क वितरण

टुडे समाचारदाता

बारा । आर्थिक वर्ष २०८१/८२ मा उत्पादन गरेका विभिन्न प्रजातिका ५ हजार बिरुवा छिमेकी जिल्ला रौतहट र पर्सामा डिभिजन वन कार्यालय बाराले निःशुल्क पठाएको छ।

सडक किनार, सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपण गर्ने उद्देश्यले स्थानीय तहको मागअनुसार बिरुवा उपलब्ध गराइएको डिभिजन वन कार्यालय बाराका डिभिजनल वन अधिकृत सुजितकुमार झाले जानकारी दिएका छन्।

उनका अनुसार रौतहटको परोहा नगरपालिकालाई २ हजार र पर्साको जगरनाथपुर गाउँपालिकालाई ३ हजार बिरुवा पठाइएको हो। परोहा नगरपालिकाले सडक किनार तथा सार्वजनिक र निजी जग्गामा वृक्षारोपणका लागि बिरुवा माग गरेको थियो।

यस्तै, जगरनाथपुर गाउँपालिकाले पनि आफ्नो क्षेत्रका सडक किनार, सार्वजनिक तथा निजी जग्गामा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले बिरुवाको माग गरेको कार्यालयले जनाएको छ।

डिभिजन वन कार्यालय बाराका अनुसार बारामा उत्पादन हुने विभिन्न वन प्रजातिका बिरुवाको माग छिमेकी जिल्लाबाट नियमित रूपमा आउने गरेको छ।

खासगरी बारासँग भौगोलिक रूपमा जोडिएका



रौतहटको दक्षिणी भेग तथा पर्साको उत्तरी क्षेत्रमा बाराको वन कार्यालयमा उत्पादन हुने बिरुवाको माग बढी हुने गरेको छ।

भौगोलिक तथा हावापानीको समानताका कारण बारामा उत्पादन गरिएका विभिन्न वन प्रजातिका बिरुवा छिमेकी जिल्लाका दक्षिणी तथा उत्तरी क्षेत्रमा वृक्षारोपणका लागि उपयुक्त हुने गरेको वन कार्यालयको भनाइ छ।

त्यसैले स्थानीय तह, सार्वजनिक निकाय तथा अन्य सरोकारवाला संस्थाले बाराको नर्सरीबाट बिरुवा माग गर्ने गरेका छन्। डिभिजन वन कार्यालय बाराले आफ्नो नर्सरीमा उत्पादन भएका बिरुवा जिल्लाभित्र मात्र नभई मागका आधारमा छिमेकी जिल्लामा समेत उपलब्ध गराउँदै आएको छ।

# ग्यास कालोबजारीलाई गर्ने कारवाही गरिने

टुडे समाचारदाता

जलेश्वर । ग्यासको कृत्रिम अभाव सिर्जना गरी लुकाएर बिक्री गर्ने तथा पहुँचका आधारमा वितरण गर्ने व्यवसायीमाथि महोत्तरी प्रशासनले कडा निगरानी बढाउँदै कारबाही गर्ने चेतावनी दिएका छन्।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले आइतबार सूचना जारी गरी जिल्लाभित्र विभिन्न ब्रान्डका ग्यास सिलिन्डर बिक्री-वितरण गर्ने डिपो, पसल तथा व्यवसायीले कानूनविपरीतका गतिविधि गरिरहेको गुनासो प्राप्त भइरहेकाले यस्तो गतिविधि नरोकिए सम्बन्धित व्यक्तिलाई कारवाही गरिने जनाएको छ।

प्रशासनका अनुसार उद्योग तथा डिलरबाट ग्यास ल्याएर लुकाइछिपाई आफू निकटका व्यक्ति, होटल,





व्यवसायी तथा ग्राहकलाई मात्र बिक्री गर्ने, नियमित ग्राहकको माग बेवास्ता गर्ने, बिक्री बिल नदिने तथा बिल-बिजक नराख्ने जस्ता गतिविधिबारे गुनासो आएको छ।

त्यसैगरी, ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले सिलिन्डर भण्डारण गरी लुकाएर राख्ने तथा दर्ता र अनुमति नभएका विक्रेतालाई समेत डिस्ट्रीब्युटरले ग्यास उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको जनाएको छ।

यस्ता गतिविधि नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयसहित अधिकारप्राप्त अन्य निकायले ग्यास डिपो, पसल, फर्म तथा कम्पनीको नियमित अनुगमन गरिरहेको प्रशासनले जनाएको छ। निगरानीका लागि सादा पोशाकमा सुरक्षाकर्मी परिचालन गरी बजारको अवस्था र ग्यास वितरण प्रणालीबारे जानकारी संकलन तथा प्रतिवेदन तयार गर्ने व्यवस्था गरिएको प्रशासनले जनाएको छ।

निगरानीमा संलग्न दोषी देखिएका डिपो, पसल तथा व्यवसायीमाथि प्रचलित कानून अनुसार कडा कारबाही गरिने र लुकाएर राखिएका ग्यास सिलिन्डरसमेत जफत गरिने चेतावनी प्रशासनले दिएको छ।

प्रशासनले ग्यास व्यवसायीलाई उद्योग तथा डिलरबाट प्राप्त सिलिन्डर पारदर्शी रूपमा बिक्री वितरण गर्न निर्देशन दिएको छ । बिक्री गर्दा अनिवार्य रूपमा बिल बिजक उपलब्ध गराउन तथा अभिलेख व्यवस्थित राख्नसमेत भनिएको छ।

# विद्यालय भवन उद्घाटन



टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका-७ जनकीनगर स्थित श्री रामजानकी माध्यमिक विद्यालयमा नवनिर्मित ६ कोठे नयाँ भवन उद्घाटन गरिएको छ।सो उद्घाटनसँगै नवनिर्मित भवन सञ्चालनमा आएको छ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले सो नवनिर्मित भवनको उद्घाटन गरेका हुन्। नयाँ भवन निर्माण सम्पन्न भएसँगै विद्यालयमा विद्यार्थीलाई कक्षाकोठा व्यवस्थापन गर्न सहज हुने विद्यालय प्रशासनले जनाएको छ।

विद्यालयका अनुसार पछिल्लो समय विद्यार्थीको संख्या र शैक्षिक गतिविधि बढ्दै गएसँगै भौतिक पूर्वाधारको आवश्यकता पनि बढिरहेको थियो। नयाँ भवन थपिएपछि कक्षा सञ्चालनका लागि आवश्यक स्थान व्यवस्थापन गर्न सहज हुने कार्यक्रमको अध्यक्षता गरेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष नीरजकुमार साहले बताएका छन्।

विद्यालयमा पर्याप्त कक्षाकोठा नहुँदा एउटै संरचनामा विभिन्न कक्षा व्यवस्थापन गर्नुपर्ने अवस्था आउने गरेको थियो। नयाँ भवन थपिएपछि कक्षा सञ्चालनमा सहजता आउने र विद्यार्थीलाई शान्त तथा व्यवस्थित वातावरणमा पढ्ने अवसर मिल्ने विद्यालय प्रशासनले जनाएको छ।

# ग्यास पसलमा प्रशासनको छड्के

टुडे समाचारदाता

रौतहट । रौतहटमा ग्यास डिलर तथा विक्रेताका पसलमा छड्के अनुगमन गरिएको छ। ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाउन गृह मन्त्रालयको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय रौतहटले बजार क्षेत्रमा रहेका ग्यास डिलर तथा विक्रेताका पसलमा अनुगमन गरेको हो।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको नेतृत्वमा दुई वटा टोली परिचालन गरी जिल्लाका १७ वटा ग्यास डिलर तथा विक्रेताका पसल अनुगमन गरिएको प्रशासनले जनाएको छ। गौर, गरुडा र चन्द्रनिगाहपुरलगायत प्रमुख बजार क्षेत्रमा रहेका विभिन्न ब्रान्डका ग्यास डिलरमा अनुगमन गरिएको जनाइएको छ।

अनुगमनका क्रममा अधिकांश विक्रेताका स्टोरमा खाली सिलिन्डरको संख्या उल्लेख्य रहेको पाइएको छ । व्यवसायीहरूले उद्योगबाट मागअनुसार पर्याप्त ग्यास आपूर्ति हुन नसकेको र पछिल्लो समय आवश्यकता अनुसार ग्यास प्राप्त हुन नसकेको अनुगमन टोलीलाई बताएका छन्।

ग्यास आपूर्ति भएपछि भने अधिकांश विक्रेताले प्रहरीको रोहबरमा पसल अगाडिबाटै उपभोक्तालाई वितरण गर्ने गरेको पाइएको प्रशासनले जनाएको छ। टोलीले ग्यासको आपूर्ति नियमित भए-नभएको, मागको तुलनामा कति परिमाणमा ग्यास आउने गरेको तथा वितरणमा उपभोक्ताले भोग्नुपरेका समस्याबारे व्यवसायीसँग जानकारीसमेत लिएका छन्।

अनुगमन टोलीले ग्यास प्राप्त भएपछि उपभोक्तालाई पारदर्शी, सहज र व्यवस्थित रूपमा



वितरण गर्न व्यवसायीलाई निर्देशन दिएको छ। ग्यासको कृत्रिम अभाव सिर्जना नगर्न, अनावश्यक रूपमा उपभोक्तालाई दुःख नदिन तथा उपलब्ध ग्यास उचित प्रक्रियाबाट वितरण गर्नसमेत सचेत गराइएको छ।

अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारी भुसालसँगै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुमार बुढाथोकीसहित स्थानीय तह र सरोकारवाला निकायका प्रतिनिधि सहभागी थिए।

प्रशासनले ग्यासको आपूर्ति, भण्डारण र वितरण प्रणालीमा निगरानी बढाउन नियमितसँगै आकस्मिक अनुगमनलाई समेत निरन्तरता दिने जनाएको छ । उपभोक्ताको गुनासो, ग्यासको उपलब्धता र वितरणको अवस्थालाई आधार बनाएर आगामी दिनमा जुनसुकै बेला छड्के अनुगमन गरिने प्रशासनको भनाइ छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आर्थिक दृष्टिकोणले आजको दिन निकै सकारात्मक रहनेछ। |
| वृष : | चन्द्रमाको आफ्नै राशिमा उपस्थिति रहेकाले तपाईंमा ऊर्जा, उत्साह र आत्मविश्वास भरपूर रहनेछ। |
| मिथुन : | आज खर्चको मात्रा बढ्न सक्नेछ। |
| कर्कट : | आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। |
| सिंह : | कार्यक्षेत्रमा तपाईंको वर्चस्व कायम हुनेछ। |
| कन्या : | भाग्यले पूर्ण साथ दिनेछ। धर्म, कर्म तथा अध्यात्मतिर मन जानेछ। |
| तुला : | शारीरिक थकान वा स्वास्थ्यमा केही मन्दी महसुस हुन सक्छ। |
| वृश्चिक : | व्यापार(व्यवसायमा राम्रो मुनाफा आर्जन गर्न सकिनेछ। |
| धनु : | प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफल बनाउन सकिनेछ। |
| मकर : | बौद्धिक कार्य, अध्ययन र लेखनमा सफलता मिल्नेछ। |
| कुम्भः | तपाईको साहस, पराक्रम र क्षमतामा वृद्धि हुनेछ। |
| मीनः | तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हरेक वर्ष कोशीको बाढी र कटानको दोहोरो त्रासमा चिलिया टापु

सुनसरी । "हामी यहाँ बसाइँ सरी आएको समयमा कोशी नदी धेरै टाढा बग्थ्यो । अहिले त बस्तीमै आइपुगेको छ", सुनसरीको बराहक्षेत्र नगरपालिका-६ स्थित श्रीलङ्का टापुका स्थानीय पदम राई भन्नुहुन्छ ।

विसं २०७४ देखि सपरिवार यहाँ बसोबास गर्दै आउनुभएका राईले एक बिघा जमिनमा धान र मकैखेती गर्नुका साथै केही गाईभैंसी पालेर जीविकोपार्जन गर्दै आउनुभएको छ । वर्षभरि दुःख गरेर खेतीपाती गरेर आम्दानी गर्नुभन्दा पनि बर्सेनि नजिकिँदै आएको सप्तकोशीले उहाँलाई बढी चिन्तित बनाएको छ ।

"हरेक वर्ष कटान बढ्दै गएको छ । अहिले हामी सबै मिलेर श्रमदान गर्दै बालुवा र सिमेन्टका बोरा भरेर किनार जोगाउने प्रयास गरिरहेका छौँ । तर ठूलो बाढी आयो भने यो प्रयासले मात्रै धान्न सक्दैन । यसले केही समयका लागि राहत त दिन्छ, तर यो स्थायी समाधान भने होइन", राई भन्नुहुन्छ ।



वर्षभरको खेतीपाती र पशुपालनबाट परिवारको गुजारा चल्ने भए पनि प्रत्येक बर्खामा बाढी तथा कटानले सबै मिहिनेत बगाइदिने चिन्ता भने उस्तै रहने गरेको उहाँ सुनाउनुहुन्छ । हरेक वर्ष बर्खा सुरु भएसँगै देशभर बाढीपहिरो र डुबानका घटना दोहोरिन्छन् । अत्यधिक वर्षाले जनधनको ठूलो क्षति पुर्‍याउने क्रम निरन्तर छ । सुनसरी पनि बाढी र डुबानको उच्च जोखिम भएका ठाउँहरूमध्ये एक हो । बर्खायाममा सप्तकोशीसहित विभिन्न नदीमा आउने बाढीले बस्ती डुबानमा पार्ने, खेतीयोग्य जमिन बगाउने तथा सडक र पुलमा क्षति पुर्‍याउने क्रम हरेक वर्ष दोहोरिने गरेको छ । तर सप्तकोशी नदी किनारका बस्तीका लागि बाढीमात्र होइन, नदीको तीव्र कटान पनि उत्तिकै ठूलो चुनौती बनेको छ ।

विशेषगरी बराहक्षेत्र नगरपालिका-६ र ९ स्थित चिलिया टापु, श्रीलङ्का टापुका बासिन्दा बर्सेनि बाढी र कटानको दोहोरो त्राससँगै जीवन बिताउन बाध्य छन् । बर्सेनि नदीले जमिन र बस्ती कटान गर्दै जोखिम बढाइरहे पनि यसको दीर्घकालीन समाधान अझै हुनसकेको छैन । बर्खा सुरु भएसँगै सुनसरी र उदयपुरको सिमानामा पर्ने चिलिया टापु जहाँ सप्तकोशीको बहाव बढेपछि चिलिया टापु तथा उदयपुरका बासिन्दाको चिन्ता पनि बढ्ने गर्छ । यस वर्ष पनि स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा नगर प्रहरी संयुक्त रूपमा श्रमदान गरेर अस्थायी तटबन्ध निर्माण गर्दै बस्ती जोगाउने प्रयासमा जुटेका छन् ।

सप्तकोशी कटान नियन्त्रण समितिका अध्यक्ष जयकुमार माझीका अनुसार बर्सेनि बढ्दो कटानले चिलिया र श्रीलङ्का टापुको बस्ती उच्च जोखिममा पर्दै गएको छ । कटान नियन्त्रणका लागि यसअघि निर्माण गरिएका करिब १८ स्परमध्ये नौवटा पूर्ण रूपमा क्षतिग्रस्त भइसकेका छन् भने बाँकी स्पर नदीको कटानमा पर्दै गएको उहाँले बताउनुभयो ।

"अहिले स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा बराहक्षेत्र नगरपालिका र उदयपुरको बेलका नगरपालिकाको समन्वयमा श्रमदान गरेर कटान रोक्ने प्रयास गरिरहेका छौँ । बाँस गाड्ने, नाइलनको डोरीले बाँधेर बालुवा भरिएका बोरा राख्नेजस्ता उपाय अपनाएका छौँ । तर यी अस्थायी उपायमात्र हुन् । दीर्घकालीन रूपमा बलियो तटबन्ध निर्माण र नदी व्यवस्थापनबिना समस्या समाधान हुँदैन", माझी भन्नुहुन्छ ।

बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले चिलिया र श्रीलङ्का टापुमा भइरहेको कटान नियन्त्रणका लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय गरेर अस्थायी तटबन्ध निर्माण गरिएको बताउनुभयो । कोशी बक्राहा नदी नियन्त्रण आयोजनामार्फत पहिलो चरणमा पाँच हजार ५०० थान बोरा र ७० थान डोरीजाली उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो ।

सप्तकोशीले धार परिवर्तन गरेर बनाएको चिलिया टापु अहिले पनि हजारौँ मानिसको आश्रयस्थल हो । बराहक्षेत्र नगरपालिका-६ र ९ तथा उदयपुरको बेलका नगरपालिका-१, २ र ३ मा फैलिएको यस क्षेत्रमा हरेक बर्खासँगै नदीको बहाव बढ्ने गर्छ । यस वर्ष पनि चिलिया र गरैया क्षेत्रमा नदीले तीव्र कटान थालेपछि सयौँ परिवार फेरि त्रासमा बाँचिरहेका छन् ।

बेलका नगरका प्रमुख कार्कीका अनुसार अहिले करिब ६०० घरपरिवार प्रत्यक्ष जोखिममा छन् । बेलका-८ क्षेत्रमा गरिएको संरक्षण कार्यले केही राहत दिएको भए पनि तल्लो तटीय क्षेत्रमा नदीको कटान अझै रोकिएको छैन । सप्तकोशीले विस्तारै धार पश्चिमतर्फ मोड्ने सङ्केत देखिएको छ, जहाँ बाक्लो मानव बस्ती रहेकाले जोखिम झन् बढ्दै गएको उहाँको भनाइ छ ।

गत वर्ष कटान रोक्ने उद्देश्यले निर्माण गरिएका तारजालीयुक्त संरचनासमेत अहिले नदीको बहावमा डुब्न थालेका छन् । स्थानीय भीम राईका अनुसार असारदेखि सुरु भएको कटान अब झन् बढ्दै जाने खतरा बढेको छ । बलौटे माटो भएकाले दैनिक रूपमा जमिन बगाइरहेको छ भने संरक्षणका लागि राखिएका ढुङ्गा र तारजालीसमेत नदीले बगाउँदै लगेको छ ।

बर्खा सुरु भएपछि यहाँका बासिन्दाले बाढीभन्दा बढी कटानको त्रास भोग्दै आएका छन् । बर्सेनि खेतीयोग्य जमिन साँघुरिँदै जानु, घर नजिकै नदी आइपुग्नु र आवश्यक पर्दा बस्ती नै छाडेर हिँड्नुपर्ने अवस्था दोहोरिँदा यहाँका नागरिकका लागि बर्खायाम प्राकृतिक मौसम नभई अस्तित्व जोगाउने सङ्घर्ष नै बनेको छ ।

बराहक्षेत्र नगरप्रमुख रमेश कार्कीका अनुसार चिलिया टापुमा भइरहेको कटान रोक्न नगरपालिकाले आफ्नो क्षमताअनुसार आवश्यक सबै स्रोतसाधन परिचालन गरेको छ । कटान प्रभावित क्षेत्रमा जेसिभी, ट्र्याक्टर, बालुवा ढुवानीका साधन, जाली, बोरा, सिमेन्टलगायत आवश्यक सामग्री उपलब्ध गराएर स्थानीय र सुरक्षा निकायसँग समन्वय गरी तटबन्ध निर्माण तथा कटान नियन्त्रणको काम भइरहेको छ ।

नगरप्रमुख कार्कीले भन्नुभयो, "कोशीको कटान यहाँको मात्र समस्या नभई राष्ट्रिय सरोकारको विषय हो । नगरपालिकाको सीमित बजेट र स्रोत साधनले बर्सेनि दोहोरिने कटानको स्थायी समाधान सम्भव छैन । हामीले आफ्नोतर्फबाट गर्न सकिने सबै प्रयास गरिरहेका छौँ, तर सप्तकोशीजस्तो शक्तिशाली नदी नियन्त्रणका लागि वैज्ञानिक अध्ययनका आधारमा दीर्घकालीन संरचना निर्माण गर्न आवश्यक छ ।"

गत वर्ष निर्माण गरिएका स्परसमेत ठूलो बाढीले बगाएको छ । स्परमात्र बनाएर पुग्दैन, उपयुक्त स्थानमा ड्याम, नोच तथा अन्य नदी नियन्त्रणका संरचना निर्माण गर्न सकियो भने कटान धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । त्यसका लागि सङ्घीय सरकारले पर्याप्त बजेट विनियोजन गरी दीर्घकालीन योजना कार्यान्वयन गर्नु आवश्यक रहेको नगरप्रमुख कार्कीको भनाइ छ ।

यदि कटान बढ्दै गएर बस्तीमा बाढी पस्यो भने ठूलो धनजनको क्षति हुनसक्छ, दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारको सहयोग, पर्याप्त बजेट र आवश्यक परे छिमेकी मुलुकसँग कूटनीतिक पहल पनि आवश्यक रहेको उहाँको भनाइ छ । "यस विषयमा मन्त्रीहरूसँग बसेर विस्तृत छलफल गर्ने इच्छा छ । पटकपटक काठमाडौँ गए पनि सम्बन्धित मन्त्रीहरूसँग भेटेर समस्या राख्ने अवसर पाउन सकेको छैन", उहाँले भन्नुभयो ।

करिब तीन हजार जनसङ्ख्या रहेको यस क्षेत्रमा अधिकांश परिवारको जीविकोपार्जन कृषि र पशुपालनमा आधारित छ । धान, मकै, तरकारीखेती, पशुपालन तथा दुग्ध उत्पादन यहाँको ग्रामीण अर्थतन्त्रको मुख्य आधार हो । प्रत्येक बर्खामा बाढी र कटानको जोखिमसँग जुध्दै स्थानीयले श्रमदान गरेर अस्थायी तटबन्ध र सामूहिक पहलमार्फत बस्ती र खेतीयोग्य जमिन जोगाउने प्रयास गर्दै आएका छन् । तर यस्ता प्रयासले तत्काल केही राहत दिए पनि दीर्घकालीन समाधान दिनसकेको छैन । रासस

# पोखरीमा एकै परिवारमा पाँचजना शव फेला पर्‍यो



**टुडे समाचारदाता**

रौतहट । रौतहटसँग सीमा जोडिएको भारतको बिहारस्थित मोतिहारीमा एकै परिवारका पाँच जनाको शव पोखरीमा फेला परेको छ । सो घटनाले उक्त क्षेत्रमा सनसनी फैलिएको छ ।

एकै परिवारकी आमा र उनका चार सन्तानको शव भेटिएपछि मोतीहारी जिल्ला वभनौली पञ्चायत-६ शोकमा डुबेको हो । पोखरीबाट ३५ वर्षीया सुशीला देवी र उनका चार छोराछोरीको शव बरामद भएको हो । मृतक बालबालिकामा ११ वर्षीया अमृता, ८ वर्षीय अविनाश, ६ वर्षीया पम्मी र ४ वर्षीय रवि कुमार रहेका छन् ।

पाँचै जनाको शव घरबाट एकैपटक उठेपछि गाउँको वातावरण स्तब्ध बनेको थियो । अन्ततः परिवारजन तथा स्थानीयले पोष्टमार्टम पछी पाँचै जनाको एउटै चितामा अन्त्येष्टि गरेका छन् ।

घटनापछि मृतक सुशीला देवीका माइती पक्षले गम्भीर आरोप लगाएका छन् । सुशीलाका भाइ प्रताप मठियाका श्यामनन्दन महतोले गोविन्दगञ्ज थानामा दिएको निवेदनमा आफ्नी बहिनी र उनका चार सन्तानको हत्या गरिएको दाबी गरेका छन् ।

उनका अनुसार सुशीलालाई विवाहपछि दाइजोको विषयलाई लिएर लामो समयदेखि मानसिक तथा शारीरिक यातना दिइँदै आएको थियो। दाइजोका लागि प्रताडित गरेपछि सुशीला र उनका चार सन्तानको हत्या गरी शव पोखरीमा फालिएको हुनसक्ने उनको आरोप छ ।

घटनालाई प्रहरीले गम्भीर रूपमा लिएर अनुसन्धान अघि बढाएको छ। मृतक सुशीलाका श्रीमान धर्मेन्द्र महतोसहित आठ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

प्रहरीले धर्मेन्द्रलाई नियन्त्रणमा लिएर घटनाबारे सोधपुछ तथा अनुसन्धान अघि बढाएको छ । घटनामा संलग्न अन्य व्यक्तिको भूमिकाबारे समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ । पाँचै जनाको मृत्युको वास्तविक कारण, मृत्युको प्रकृति र शव पोखरीसम्म कसरी पुग्यो भन्ने विषयमा प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको छ ।

एकै परिवारका पाँच जनाको शव एउटै पोखरीबाट भेटिनु र त्यसपछि पाँचै जनाको एउटै चितामा अन्त्येष्टि गरिनुले घटनालाई थप रहस्यमय बनाएको छ । मृत्यु हत्या हो वा अन्य कुनै कारणबाट भएको हो भन्ने विषय भने अनुसन्धानकै क्रममा छ । पोस्टमार्टम रिपोर्ट तथा प्रहरी अनुसन्धानबाट घटनाको वास्तविकता बाहिर आउने अपेक्षा गरिएको छ ।

# ठूलो परिमाणमा गाँजा बरामद



**टुडे समाचारदाता**

राजविराज । प्रहरीले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-८ जोगिनियाबाट ठूलो परिमाणमा लागुऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ ।

कोशी बाँधको पलार क्षेत्रमा रहेको सरकारी खाली जग्गामा लगाइएको सनपाट खेतबाट ३ सय २ किलो ४ सय ८० ग्राम गाँजा सप्तरी प्रहरीले बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जोगिनियास्थित कोशी बाँधको पलारमा रहेको सनपाट खेतमा लुकाएर राखिएको गाँजाबारे सूचना पाएपछि प्रहरीले खानतलासी गरेको थियो । खानतलासीका क्रममा खेतबाट १२ बोरा गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

उक्त खेत भारतको बिहार निवासी नन्दकिशोर मुखियाले लगाएको सनपाट खेती रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । बरामद गाँजा भने हनुमाननगर कंकालिनी नगरपालिका-७ मुखिया टोलकी ५३ वर्षीया माधुरी मुखियाको रहेको खुलेपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक तथा प्रवक्ता हेमराज धिमिरेका अनुसार बरामद गाँजाको तौल गर्दा कुल ३ सय २ किलो ४ सय ८० ग्राम रहेको छ । पक्राउ परेकी माधुरी मुखियालाई नियन्त्रणमा लिएर लागुऔषध गाँजाको कारोबार तथा ओसारपसारसँग सम्बन्धित विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीले पछिल्लो समय सीमावर्ती क्षेत्रमा लागुऔषधको अवैध कारोबार तथा ओसार पसार नियन्त्रणका लागि निगरानी बढाएको जनाएको छ । घटनामा अन्य व्यक्तिको संलग्नता भए-नभएको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# वर्षाले निम्त्यायो सडक अवरोध, विभिन्न राजमार्गमा यातायात प्रभावित

काठमाण्डु । वर्षा, पहिरो, भास र कटानका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन् । प्रहरी प्रधान कार्यालयले आज बिहान ५:४५ बजेसम्म अवरुद्ध रहेका सडकको विवरणअनुसार तेह्रथुमको मध्यपहाडी लोकमार्ग, सिन्धुपाल्चोकको अरनिको राजमार्ग, इलामको मेची राजमार्ग, रसुवाको त्रिशूली-मैलुङ-स्याप्रुबेंसी सडक, रुकुम पश्चिमको भेरी करिडोरलगायत सडकखण्डमा यातायात प्रभावित भएको छ ।

काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी सडकखण्डमा बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवार ीसाधन सञ्चालनमा रोक लगाइएको छ । बिहान ४:०० देखि बेलुका ६:०० बजेसम्म भने सवारी सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।



यसैगरी, मकवानपुरको कान्ति लोकपथमा वर्षायामका कारण बेलुका ५:०० देखि बिहान ५:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा वर्षाका कारण सडक हिलाम्मे भएपछि यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त क्षेत्रमा वैकल्पिक मार्ग भने रहेको प्रहरीले जनाएको छ ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जिरोकिलो, वडा नं २ कोदारी र लिपिङ क्षेत्रमा पहिरो खस्नाका साथै सडक भासिएपछि अरनिको राजमार्गका विभिन्न खण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् ।

जिरोकिलोमा पहिरो र लिपिङमा सडक भासिएपछि यातायात अवरुद्ध भएको हो । यसैगरी, चौतारा साँगाचोकगढी नगरपालिका-९ डुम्रेमा अरनिको राजमार्ग पनि अवरुद्ध भएको छ । रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेमा कटान भएपछि त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी सडक पूर्ण रूपमा अवरुद्ध भएको छ ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगार्ड खोलास्थित भेरी करिडोरको जाजरकोट-डोल्पा सडकखण्ड पनि पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको छ । तेह्रथुमको लालीगुराँस नगरपालिका-९ काडेस्थित पिङवाखोला नजिक मध्यपहाडी लोकमार्ग पनि पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको छ ।

प्रहरीले वर्षायाममा पहिरो, बाढी तथा सडक कटानको जोखिम कायम रहेकाले यात्रा गर्नुअघि सम्बन्धित निकायबाट सडकको अवस्थाबारे जानकारी लिन सर्वसाधारणलाई आग्रह गरेको छ । रासस

# मर्चवारीमाईमा पूर्वाधारसँगै सामाजिक विकासमा जोड

रुपन्देही । मर्चवारीमाई गाउँपालिकाले स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी तथा सामाजिक विकासका कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको जनाएको छ ।

पालिकाले पूर्वाधार विकाससँगै सेवा प्रवाह र सुशासनलाई प्राथमिकतामा राखेर दीर्घकालीन योजनाका आधारमा बजेट तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ । सडक, खानेपानी, सरसफाइ तथा अन्य भौतिक पूर्वाधारका साथै शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिइएको पालिका अध्यक्ष गयाप्रसाद बरईले राससलाई जानकारी दिनुभयो ।

स्थानीय सरकारको विकासलाई भौतिक संरचना निर्माणमा मात्र सीमित नगरी नागरिकको जीवनस्तर सुधारसँग जोडिएको बताउनुभयो । "हाम्रो लक्ष्य सडक र भवन निर्माणमा मात्र सीमित छैन । स्वस्थ, शिक्षित, आत्मनिर्भर र समृद्ध समाज निर्माणतर्फ केन्द्रित छ," उहाँले भन्नुभयो ।




आधारभूत स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, सुरक्षित प्रसूति, नियमित खोप तथा पोषण एवं स्वास्थ्य सचेतनाका कार्यक्रम सञ्चालन भएका छन् । स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुधार, औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन, गर्भवती तथा सुत्केरीको स्वास्थ्य परीक्षण, बाल स्वास्थ्य परीक्षण तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइएको गाउँपालिकाले जनाएको छ ।

कृषिलाई स्थानीय अर्थतन्त्रको आधार मानेर गाउँपालिकाले किसान लक्षित कार्यक्रम सञ्चालन गरिरहेको छ । आधुनिक कृषि प्रविधि, उन्नत बीउबिजन, सिँचाइ, कृषि उपकरण, पशुपालन तथा व्यावसायिक खेतीलाई प्रोत्साहन गरिएको छ । किसानको उत्पादन र आम्दानी बढाउने उद्देश्यले प्राविधिक सहयोग तथा विभिन्न कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ ।

युवालाई स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने उद्देश्यले सीपमूलक तालिम, कृषि उद्यम, साना व्यवसाय तथा उद्यमशीलता विकासका कार्यक्रम अघि बढाइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत उपमन्यू त्रिपाठीले सेवा प्रवाहलाई सरल, छिटो र पारदर्शी बनाउन प्रशासनिक प्रणालीलाई प्रविधिमैत्री बनाउँदै लगिएको बताउनुभयो ।

"स्थानीय सरकारप्रतिको नागरिकको विश्वास सेवा प्रवाहबाट स्थापित हुन्छ । त्यसैले सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकतामा राखेर नागरिकमैत्री प्रशासन निर्माणमा केन्द्रित भएका छौँ," उहाँले भन्नुभयो ।

गाउँपालिकाले सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नियमित अनुगमन तथा सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने प्रयास गरेको जनाएको छ ।

उपाध्यक्ष आशा सिंहले महिला, दलित, विपन्न, ज्येष्ठ नागरिक, बालबालिका तथा पछाडि परेका समुदायलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । महिला सशक्तीकरण, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य तथा सीप विकासका कार्यक्रमलाई वडा तहसम्म विस्तार गरिएको उहाँले जानकारी दिनुभयो ।

शिक्षातर्फ विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर वृद्धि, शिक्षकको क्षमता विकास तथा विद्यार्थीमैत्री वातावरण निर्माणलाई प्राथमिकता दिइएको छ । त्यसैगरी, खेलकुद, वातावरण संरक्षण, सरसफाइ तथा फोहोर व्यवस्थापनका कार्यक्रमलाई समेत गाउँपालिकाले अघि बढाएको जनाएको छ ।

गाउँपालिकाका अनुसार विकास निर्माणका योजना छनोट गर्दा स्थानीय आवश्यकता र नागरिकको मागलाई आधार बनाउने गरिएको छ । योजना कार्यान्वयनमा जनसहभागिता, नियमित अनुगमन तथा पारदर्शितालाई प्राथमिकतामा राखिएको छ । रासस

# आर्थिक आत्मनिर्भरता वृद्धिसँगै सम्बन्धविच्छेदका मुद्दा पनि बढे

दमौली । जिल्लामा आर्थिक आत्मनिर्भरता, सामाजिक चेतना र व्यक्तिगत स्वतन्त्रताप्रतिको बुझाइ विस्तार भएसँगै सम्बन्धविच्छेदका मुद्दा पनि बढ्दै गएका पाइएको छ ।


महिलाहरूमा शिक्षा, रोजगारी र आर्थिक आत्मनिर्भरताका कारण आफ्नो अधिकारका लागि कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको तनहुँ जिल्ला अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्य बताउनुहुन्छ ।

सामाजिक चेतना, आर्थिक आत्मनिर्भरता र व्यक्तिगत स्वतन्त्रताप्रतिको बुझाइ विस्तार हुनु सम्बन्धविच्छेदको मुख्य कारण भएको उहाँको ठम्याइ छ ।




गत आर्थिक वर्षमा तनहुँ जिल्ला अदालतमा दर्ता भएका दुई हजार ४५६ मुद्दामध्ये सम्बन्धविच्छेदका ९५२ छन् । अदालतले ८१० मुद्दा निरुपण भएका छन् ।

आर्थिक वर्ष २०८२/८३ मा अंशका २८७ मुद्दा दर्ता भएकामा १७९ किनारा लगाइएको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# निरर्थक मोर्चा

तराई मधेश केन्द्रित दलहरु मिलेर अग्रगामी मोर्चा गठन गरेको छ । सात दलीय सो मोर्चामा जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी(आजपा), नागरिक उन्मुक्ति पार्टी(नाउपा), प्रगतिशील लोकतान्त्रिक पार्टी(प्रलोपा), नेपाल संघीय समाजवादी पार्टी(नेसससपा), बहुजन एकता पार्टी(बहुपा) र खम्बुआन राष्ट्रिय मोर्चा(खरामो) रहेका छन् । मोर्चामा रहेका सातवटै दल अहिले संघीय संसदमा छैन । तर केही प्रदेश सभामा जसपा नेपाल, जनमत, नाउपा र नेसससपाको उपस्थिति रहेको छ । पछिल्लो आम निर्वाचनको बखत पनि यस्तै एउटा संस्था बनाइएको थियो । हाल मोर्चामा रहेका दलहरु मध्ये ४ वटा दल रहेको सो मोर्चाले चुनावमा एकजुट रहन सकेन । मोर्चामा रहेका दलहरुले अग्रगामी मोर्चा नाम दिएर राजनीति संस्था बनाए पनि त्यसको सार्थकताको विषयमा प्रश्न उठेको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पटक पटक यस्ता कयौं मोर्चाहरु बनाएका छन् । तर त्यसले कुनै सार्थक परिणाम दिन सकेको छैन । अध्यक्ष यादव नेतृत्वको जसपा नेपाल नै मोर्चामा सबैभन्दा ठूलो दल रहेको छ । अग्रगामी मोर्चा गठन गरेको जसपा नेपालका अध्यक्ष यादवले लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) सित कानुनी रुपमा एकता गरे पनि संगठनात्मक रुपमा समायोजन गर्न सकेको छैन । विगतमा पनि महन्थ ठाकुर नेतृत्वको दलसित कयौं पटक एकता गरी विभाजन गरेको इतिहास छ । मोर्चामा रहेका प्रभु साहले गौर हत्या काण्डमा उपेन्द्र यादवलाई प्रमुख दोषी ठहर गर्न हरसम्भव प्रयास गरिरहेका छन् । माओवादीबाट अलग्गिएर दल बनाएका जनार्दन शर्मा (प्रभाकर)पनि धेरै विषयमा तराई मधेश केन्द्रित दलहरुसित फरक धारणा राख्छन् । जनमत पार्टीसहित तराई मधेशका दलहरु एकीकृत हुने प्रयास गरिए पनि यादव र राउतबीच पदीय स्वार्थ अगाडि आएपछि त्यो प्रयास भाँडिएको थियो । मोर्चामा रहेका दलहरुले आ आफ्नो प्रभाव क्षेत्रमा जनताको विश्वास जित्नेतर्फ अहिले काम गर्न आवश्यक छ । देशमा झण्डै दुई तिहाइको सरकार छ । अहिले नेपाली नागरिक सरकारको कार्य हेरिरहेका छन् । सरकार विरोधी कुनै पनि कार्यमा नेपाली नागरिक सहभागी हुन चाहेको छैन । देशमा ग्यासको हाहाकार, महँगीको मार लगायतका कयौं समस्याहरु हुँदा पनि जनता मौन छन् । त्यसकारण अहिले बेमौसमको मोर्चा बनाएर सार्थक परिणाम आउने सम्भावना छैन । देश विकासका लागि प्रधानमन्त्री बालेन्द्र साहमाथि नेपालीले आँखा चिम्लेर विश्वास गरेका छन् । त्यो कायम रहुञ्जेल कुनै मोर्चाले काम गर्ने छैन । यस्तो परिस्थितिमा दलहरुले आफ्नो संगठनलाई सुदृढ बनाउन लाग्नु पर्ने हो । समयलाई आफ्नो अनुकूल बनाउन सक्ने क्षमता मोर्चामा रहेका नेताहरुमा देखिएको छैन । हरेक मोर्चामा असफल भएका नेताहरुले गठन गरेको अग्रगामी मोर्चा पनि निरर्थक नै सावित हुनेछ ।

## मिटरब्याजको जालो :

# दोषी साहु मात्र कि असफल राज्य पनि ?



● सुजीत कुमार झा

जनकपुरधामका एक युवा उपचारका लागि काठमाडौं पुगे । साथमा भएको पैसा अस्पतालमै केही दिनमा सकियो । जसोतसो एक सातासम्म उपचार त भयो, तर डिस्चार्ज हुने बेला अस्पतालको बिल तिर्न पैसा भएन । उपचार गराइरहेका व्यक्ति नै परिवारका मुख्य कमाउने सदस्य थिए । बैंकबाट तत्काल सहयोग पाउने अवस्था थिएन । छरछिमेकमा गुहार माग्दा पनि कसैले ऋण दिन मानेनन् । नातेदारहरूसँग सहयोग माग्दा पनि उस्तै अवस्था देखियो । अन्ततः अस्पतालमै थप केही दिन बस्नुपर्ने बाध्यता आइलाग्यो ।

यो घटना एउटा परिवारको मात्र कथा होइन । आर्थिक संकट, आकस्मिक स्वास्थ्य समस्या, प्राकृतिक विपत्ति, वैदेशिक रोजगारी, कृषि वा सानो व्यवसायका लागि तत्काल पैसा आवश्यक पर्दा आम नागरिकले भोग्ने कठिनाइको एउटा प्रतिनिधि अवस्था हो । औपचारिक वित्तीय संस्थाबाट सहजै ऋण नपाउने र आफन्त तथा छरछिमेकीबाट पनि सहयोग नपाउने अवस्थामा नागरिक अन्ततः निजी साहुको ढोका पुग्न बाध्य हुन्छ । यही कमजोर अवस्थाबाट मिटरब्याजजस्तो शोषणकारी कारोबारले जन्म लिन्छ ।

त्यसैले 'मिटरब्याज समस्यामा दोषी साहु कि राज्य ?' भन्ने प्रश्नको उत्तर एउटालाई पूर्ण निर्दोष र अर्कोलाई मात्र दोषी बनाएर दिन सकिँदैन । अनुचित कारोबार गर्ने साहु प्रत्यक्ष दोषी हुन सक्छ, तर नागरिकलाई त्यस्तो कारोबारमा पुग्न बाध्य बनाउने आर्थिक तथा वित्तीय संरचना निर्माण गर्न नसक्नु राज्यको गम्भीर कमजोरी हो ।

### ऋणी र साहु दुवैलाई एउटै आखाले हेर्न मिल्दैन

मिटरब्याजको समस्या उठ्नेबित्तिकै सबै साहुलाई शोषक र सबै ऋणीलाई निर्दोष ठान्ने प्रवृत्ति पनि देखिन्छ । तर न्यायको आधार भावनात्मक निष्कर्ष होइन, तथ्य र प्रमाण हुनुपर्छ ।

झुटो लिखत तयार गर्ने, वास्तविक ऋणभन्दा धेरै रकमको तमसुक बनाउने, अस्वाभाविक ब्याज असुल्ने, ब्याजलाई मूलधनमा जोडेर नयाँ कागज बनाउने, ऋण तिरेको प्रमाण नदिने, धम्की दिने वा ऋणीको सम्पत्ति अनुचित रूपमा आफ्नो नाममा पार्ने साहु निश्चित रूपमा दोषी हो । त्यस्तो कारोबार आर्थिक लेनदेन मात्र नभई शोषण, जालसाजी र कतिपय अवस्थामा आपराधिक कार्यसमेत बन्न सक्छ ।

तर वास्तविक रूपमा ऋण लिएर जानाजानी नतिर्ने, आफ्नो दायित्वबाट भाग्ने वा कानुनी प्रक्रियाको दुरुपयोग गर्ने ऋणीलाई पनि स्वतः पीडितको श्रेणीमा राख्न मिल्दैन । वास्तविक ऋण लिएको छ भने मूलधन र कानूनसम्मत ब्याज तिर्नु ऋणीको दायित्व हो ।

त्यसैले मिटरब्याजविरुद्धको न्यायिक प्रक्रियाको मूल आधार 'साहु कि ऋणी ?' होइन, 'वास्तवमा के भएको थियो?' भन्ने प्रश्न हुनुपर्छ ।

कति रकम दिइएको थियो ? कति रकम फिर्ता भइसकेको छ ? कति ब्याज लिइयो ? ब्याज कानूनसम्मत थियो कि थिएन ? तमसुकमा उल्लेख भएको रकम वास्तविक थियो कि थिएन ? सम्पत्ति कसरी हस्तान्तरण भयो ? ऋणीमाथि कुनै दबाब वा धम्की थियो कि थिएन ? यस्ता प्रश्नको निष्पक्ष परीक्षणपछि मात्र न्यायोचित निष्कर्षमा पुग्न सकिन्छ ।

'कागजमा हस्ताक्षर छ, त्यसैले सबै कुरा कानुनी हो' भन्ने धारणा पनि सही होइन । आर्थिक रूपमा अत्यन्त असमान दुई पक्षबीच भएको सम्झौतालाई स्वतन्त्र र समान सहमतिमा भएको कारोबार भनेर मात्र हेर्न सकिँदैन । ग्रामीण तथा न्यून आय भएका परिवारका नागरिक अशिक्षित हुन सक्छन् । आपत्कालीन अवस्थामा उनीहरूले कागजको अर्थ नबुझी औंठाछाप लगाउन सक्छन् । वास्तविक रूपमा लिएको रकमभन्दा धेरै रकमको तमसुक बन्न सक्छ । चरम दबाबमा जग्गा पास गर्नुपर्ने अवस्था आउन सक्छ । कतिपय अवस्थामा ऋणीले कति तिरिसक्यो भन्ने प्रमाणसमेत राख्न नसक्ने अवस्था हुन सक्छ ।

त्यसैले हरेक लिखतलाई यान्त्रिक रूपमा सत्य मानेर निर्णय गर्नु न्यायोचित हुँदैन । कारोबारको वास्तविक आर्थिक प्रवाह पत्ता लगाउनु आवश्यक छ । बैंक खाताको विवरण, रकम हस्तान्तरणको प्रमाण, भुक्तानी रसिद, तमसुक, सम्पत्ति हस्तान्तरणका कागजात र दुवै पक्षको बयानलाई आधार बनाएर तथ्य खोजिनुपर्छ ।

न्यायको अर्थ पीडितलाई संरक्षण गर्नु हो, तर प्रमाणबिनाको सामूहिक दोषारोपण गर्नु होइन ।

### मिटरब्याजको जरोमा आर्थिक असुरक्षा

मिटरब्याजको समस्या मात्रै कानुनी वा सामाजिक समस्या होइन, यो आर्थिक असुरक्षासँग पनि गहिरोसँग जोडिएको विषय हो ।

नागरिकलाई आकस्मिक अवस्थामा सस्तो ऋण उपलब्ध हुँदैन । नियमित आम्दानी छैन । धितो राख्ने सम्पत्ति छैन । बैंकको प्रक्रिया लामो र जटिल छ । अस्पतालको बिल तत्काल तिर्नुपर्छ । विदेश जान पैसा चाहिन्छ । कृषि गर्न लगानी आवश्यक छ । सानो व्यवसाय सुरु गर्न पूँजी चाहिन्छ । यस्तो अवस्थामा नागरिकसँग दुई विकल्प मात्र बाँकी रहन्छन्– आफन्तको सहयोग वा निजी साहुको ऋण ।।

जब आफन्त र छरछिमेकीसमेत सापट दिन डराउन थाल्छन्, नागरिक अझ बढी असुरक्षित हुन्छ । यही असुरक्षाले शोषणकारी ऋणको बजार विस्तार गर्छ ।

त्यसैले मिटरब्याज अन्त्य गर्ने हो भने मात्रै साहुलाई कारबाही गरेर पुग्दैन । नागरिकलाई निजी शोषणकारी ऋण लिनुपर्ने अवस्था नै नआउने वित्तीय संरचना निर्माण गर्नुपर्छ ।

राज्यको पहिलो जिम्मेवारी नागरिकलाई सुरक्षित र सम्मानजनक आर्थिक जीवनको आधार उपलब्ध गराउनु हो । तर नेपालमा न्यून आय भएका, अनौपचारिक क्षेत्रमा काम गर्ने, भूमिहीन वा धितोविहीन नागरिकका लागि तत्काल र सस्तो कर्जाको पहुँच अझै सीमित छ ।

स्वास्थ्य उपचारका लागि आकस्मिक कर्जा, प्राकृतिक विपत्तिका बेला राहत तथा पुनःस्थापना कर्जा, कृषि तथा साना व्यवसायका लागि सहुलियतपूर्ण ऋण र वैदेशिक रोजगारीमा जाने परिवारका लागि सुरक्षित वित्तीय सुविधा प्रभावकारी रूपमा विस्तार गर्न आवश्यक छ ।

बैंक, सहकारी र लघुवित्त संस्थाको पहुँच विस्तार मात्र पर्याप्त छैन । ती संस्थाको सेवा नागरिकमैत्री, पारदर्शी र जिम्मेवार हुनुपर्छ । राजनीतिक पहुँच, बिचौलिया र कागजी झन्झटले वास्तविक आवश्यकतामा रहेका नागरिकलाई औपचारिक वित्तीय प्रणालीबाट बाहिर धकेल्नु हुँदैन ।

### बैंकको ब्याज र मिटरब्याज एउटै होइन

मिटरब्याजको बहसमा अर्को महत्वपूर्ण कुरा छुटाउन हुँदैन । हरेक चर्को ब्याज भएको कारोबारलाई मिटरब्याज भन्न मिल्दैन ।

बैंक तथा वित्तीय संस्थाबाट लिइने ऋण नियामकीय व्यवस्था, लिखित सम्झौता, लेखापरीक्षण र औपचारिक गुनासो प्रणालीअन्तर्गत हुन्छ । ब्याजदर, आधार दर, प्रिमियम, सेवा शुल्क तथा अन्य शर्तहरू निश्चित प्रक्रियाबाट निर्धारण हुन्छन् ।

यसको अर्थ बैंकिङ प्रणालीमा समस्या छैन भन्ने होइन । सर्वसाधारणले आधार दर, प्रिमियम, सेवा शुल्क, हर्जाना, पुनर्संरचना र पुनर्तालिकीकरणका शर्त नबुझ्न सक्छन् । बैंक र ग्राहकबीच सूचनाको असमानता पनि हुन सक्छ । कतिपय अवस्थामा ऋणीले ऋणको वास्तविक लागतसमेत स्पष्ट रूपमा बुझेको हुँदैन ।

त्यसैले बैंकलाई नै मिटरब्याजी भनेर चित्रित गर्नुभन्दा बैंक तथा वित्तीय संस्थालाई अझ पारदर्शी, उत्तरदायी र उपभोक्तामैत्री बनाउनु आवश्यक छ ।

मिटरब्याजको मूल समस्या ब्याजदर मात्र होइन । यसमा असमान शक्ति सम्बन्ध, जालसाजी, दबाब, धम्की, गलत लिखत र सम्पत्ति हडप्ने नियतसमेत जोडिन सक्छ ।

मिटरब्याजविरुद्ध कानून बनाउनु आवश्यक छ । तर कानून बनेपछि समस्या स्वतः समाधान हुन्छ भन्ने सोच गलत हो । कानूनको प्रभाव त्यसको कार्यान्वयनमा निर्भर हुन्छ ।




*Ai Generated Image.*

अनुचित लेनदेनका उजुरी वर्षौंसम्म अल्झिरहे भने पीडितको समस्या झन् गम्भीर हुन्छ । त्यसैले प्रत्येक जिल्लामा वित्तीय कारोबार बुझ्ने जनशक्ति, कानुनी सहायता र समयबद्ध सुनुवाइको व्यवस्था आवश्यक छ ।

वास्तविक कारोबार पत्ता लगाउन ऋणी र साहु दुवैको वित्तीय विवरण परीक्षण गर्न सकिने प्रणाली विकास गर्नुपर्छ । डिजिटल अभिलेख र प्रमाणमा आधारित अनुसन्धानलाई प्राथमिकता दिनुपर्छ ।

त्यस्तै, निजी ऋण कारोबारलाई पूर्ण रूपमा अनौपचारिक छाड्नु पनि जोखिमपूर्ण छ । स्थानीय तह वा सम्बन्धित निकायमार्फत सरल दर्ता प्रणाली विकास गर्न सकिन्छ । ऋणको रकम, ब्याजदर, अवधि र भुक्तानीका शर्त दुवै पक्षले बुझ्ने भाषामा स्पष्ट रूपमा उल्लेख हुनुपर्छ । प्रत्येक भुक्तानीको प्रमाण अनिवार्य राखिनुपर्छ ।

मिटरब्याजको बहसको केन्द्रमा एउटा आधारभूत प्रश्न राख्नुपर्छ– नागरिक किन निजी साहुको ढोका पुग्छ ?

यदि कुनै परिवारसँग उपचार खर्च तिर्ने पैसा छैन, बैंकले तत्काल ऋण दिँदैन, सहकारीप्रति विश्वास छैन र आफन्तले पनि सहयोग गर्दैनन् भने उसले कहाँ जाने ?

यदि किसानलाई बाली लगाउने समयमा पैसा चाहिन्छ तर औपचारिक कर्जा समयमै उपलब्ध हुँदैन भने उसले कसरी उत्पादन गर्ने ?

यदि सानो व्यवसायीलाई तत्काल पूँजी चाहिन्छ तर बैंकको धितो र कागजी प्रक्रियाले उसको पहुँच रोक्छ भने उसले विकल्प कहाँ खोज्ने ?

यी प्रश्नको समाधान नगरी मिटरब्याजविरुद्ध अभियान चलाउनु भनेको समस्याको एउटा शाखा काट्नु मात्र हो । जरो उखेल्न नागरिकको आर्थिक सुरक्षा बलियो बनाउनुपर्छ ।

### सुधारका खोजी आवश्यक

अनुचित लेनदेनका उजुरी छिटो टुंग्याउन सक्षम र निष्पक्ष संयन्त्र आवश्यक छ ।

वास्तविक कारोबार पत्ता लगाउन बैंक विवरण, तमसुक, रसिद र सम्पत्ति हस्तान्तरणको वैज्ञानिक परीक्षण गर्नुपर्छ । निजी ऋणलाई पारदर्शी बनाउन सरल अभिलेख प्रणाली विकास गर्नुपर्छ ।

बैंक, सहकारी र लघुवित्तमा अत्यधिक ऋणको जोखिम पहिचान गर्ने प्रभावकारी सूचना प्रणाली आवश्यक छ ।

ऋण असुलीका नाममा धम्की, सार्वजनिक अपमान, हिंसा वा अनुचित दबाबलाई कडाइका साथ नियन्त्रण गर्नुपर्छ ।

वित्तीय साक्षरता विद्यालयदेखि समुदायसम्म विस्तार गर्नुपर्छ । ब्याज कसरी गणना हुन्छ, धितो राख्दा के जोखिम हुन्छ, खाली कागजमा हस्ताक्षर गर्दा के परिणाम आउन सक्छ र उजुरी कहाँ गर्ने भन्ने जानकारी नागरिकलाई हुनुपर्छ ।

स्वास्थ्य, कृषि, विपद्, रोजगारी र साना व्यवसायका लागि लक्षित आपत्कालीन तथा सहुलियतपूर्ण कर्जा प्रणाली विकास गर्नुपर्छ ।

### सामाजिक विश्वास पनि जोगाउनुपर्छ

नेपालमा आफन्त, छिमेकी वा चिनजानका व्यक्तिले आपत्मा पैसा सापट दिने परम्परा पुरानो हो । बैंकिङ पहुँच कमजोर भएका बेला यही सामाजिक सम्बन्धले धेरै परिवारलाई संकटबाट जोगाएको छ । त्यसैले हरेक निजी ऋण कारोबारलाई अपराधको दृष्टिले हेर्नु पनि उचित हुँदैन । कसैले वास्तविक रकम दिएको छ, पारदर्शी लिखत बनाएको छ र कानूनसम्मत ब्याज लिएको छ भने उसलाई मिटरब्याजी भन्न मिल्दैन ।

तर यही सामाजिक विश्वासको दुरुपयोग गरेर ऋणीको कमजोर अवस्था, अशिक्षा वा आपत्को फाइदा उठाउने प्रवृत्तिलाई भने कुनै पनि अवस्थामा स्वीकार गर्न सकिँदैन ।

राज्यले 'साहु' र 'मिटरब्याजी'बीच स्पष्ट कानुनी भिन्नता स्थापित गर्नुपर्छ ।

### अन्ततः प्रश्न राज्यकै हो

मिटरब्याजको समस्याले नेपाली समाजको एउटा गहिरो आर्थिक वास्तविकता उजागर गरेको छ– नागरिकसँग पैसा छैन मात्र होइन, आपत्मा पैसा जुटाउने सुरक्षित बाटो पनि छैन ।

त्यसैले यसको समाधान साहुलाई जेल हाल्नु वा ऋणीको ऋण स्वतः मिनाहा गर्नुमा मात्र खोजिनु हुँदैन । वास्तविक अपराधीलाई कडा कारबाही र वास्तविक पीडितलाई न्याय दिनु आवश्यक छ । त्यस्तै, वास्तविक रूपमा ऋण लिएको व्यक्तिलाई आफ्नो दायित्वबाट उन्मुक्ति दिनु पनि न्याय होइन ।

दिगो समाधान त्यतिबेला मात्र सम्भव हुन्छ, जब नागरिकले आकस्मिक अवस्थामा शोषणकारी निजी ऋणको सहारा लिन नपरोस् । सस्तो कर्जा, सामाजिक सुरक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, रोजगारी, वित्तीय पहुँच र छिटो न्यायको व्यवस्था बलियो बनाउन सके मिटरब्याजको बजार आफैं कमजोर हुँदै जान्छ ।

लोकतन्त्रको वास्तविक अर्थ राज्य शक्तिशाली हुनु मात्र होइन, नागरिक सुरक्षित, सक्षम र सम्मानित हुनु पनि हो । नागरिक आर्थिक संकटमा पर्दा राज्यको औपचारिक प्रणालीले साथ दिन सक्दैन र निजी शोषणको ढोका मात्र खुला रहन्छ भने राज्यप्रतिको विश्वास कमजोर हुन्छ ।

त्यसैले आजको मूल प्रश्न 'दोषी साहु कि राज्य ?' मात्र होइन । अझ गहिरो प्रश्न हो– नागरिकलाई आपत् पर्दा सम्मानपूर्वक बाँच्न, सुरक्षित रूपमा ऋण लिन र समयमै न्याय पाउन सक्ने व्यवस्था राज्यले कहिले निर्माण गर्छ ?

मिटरब्याजको अन्त्य कागज खारेज गरेर मात्र हुँदैन । नागरिकलाई त्यस्तो कागजमा हस्ताक्षर गर्न बाध्य बनाउने आर्थिक विवशताको अन्त्य गरेर मात्र हुन्छ । यही नै मिटरब्याज समस्याको दीर्घकालीन र न्यायपूर्ण समाधान हो ।

# नेटवर्किङको जालो र ठगी धन्दा



● द्वारिका घिमिरे

पोखराको एउटा कलेजमा स्नातकोत्तर पढ्दै गरेका रुद्रराज (काल्पनिक नाम) जागिरको खोजीमा थिए । भविष्यको चिन्ता र आमाबुबाको सपनाले उनलाई सताइरहेको थियो । ठिक त्यति नै बेला उनको १२ कक्षा पढ्दाको साथी विवेक (काल्पनिक नाम) ले फेसबुक म्यासेन्जरमा एउटा सन्देश पठाउँछन्, 'रुद्र, नेपालमा बसेर केही गर्न सकिन्न । म अहिले भैरहवा नजिकै एउटा बहुराष्ट्रिय कम्पनीमा काम गर्दै छु । मासिक एक-डेढ लाख सजिलै कमाइ हुन्छ । यहाँ अरू पनि काम गर्ने मानिस खोज्दैछन्, तिमीले काम गर्ने भए छिटो आऊ है ।'

म्यासेज देखेपछि रुद्रले म्यासेन्जरमै विवेकसँग कुरा गर्छन् र सोच्दै नसोची पोखराबाट भैरहवाको टिकट लिन्छन् । भैरहवा ओर्लने बित्तिकै विवेक र अर्को एकजना नयाँ मानिसले रुद्रराजलाई रिसिभ गर्छन् । तर, उनीहरूले रुद्रराजलाई कुनै अफिसमा होइन, सीमापारि भारतको एउटा ठुलो होटलको हलमा लैजान्छन् । रुद्रराज अलमल पर्नु स्वाभाविक भएपनि रोजगारीको लोभलाग्दो अफरले तिनलाई त्यहाँसम्म सजिलै डोऱ्याउँछ । हलमा धेरै नेपाली युवा-युवतीहरू थिए । स्टेजमा टाई-सुट लगाएको एउटा व्यक्ति ठुलठुलो स्वरमा चिच्याइ-चिच्याइ भाषण दिइरहेको थियो, 'आजको २ लाख भोलिको २ करोड हो । नोकरी गरेर कोही धनी बन्दैनन्, दास बनिन्छ । अब तपाईंहरू मालिक बन्ने हो ।' विभिन्न व्यक्तिहरू कोही आफूलाई डाक्टर बत्ताउँथे कोही आफूलाई इन्जिनियर बताउँथे । उनीहरू पनि काम राम्रो छ भनी भनिरहेका थिए ।

रुद्रराजले कुरा बुझिहाले- यो कुनै जागिर होइन, यो त नेटवर्किङ धन्दा हो । उनी त्यहाँबाट निस्कन खोजे, तर ढोकामा उभिएका दुई जना बलिया हट्टाकट्टा मानिसले बाहिर जान दिएनन् । साँझ कार्यक्रम सकिनासाथ रुद्रराजलाई छेउको सानो कोठामा लगियो । त्यहाँ विवेक र कम्पनीका दुई जना 'सिनियर लिडर' पनि थिए । उनीहरूको अनुहारमा क्रूरता देखिन्थ्यो ।

'यो व्यवसायमा जोडिन तुरुन्तै २ लाख रुपैयाँ बुझाउनुस् र आउने हप्ताभित्र आफ्ना ३ जना मिल्ने साथीहरूलाई यही बोलाउनुस् ।' उनीहरुले भने । रुद्रराजले 'म यो काम गर्दिन बरु तत्कालै घर फर्कन्छु' भने । तर, विवेकले रुद्रराजको झोला र मोबाइल खोस्यो ।

लिडरले फेरी धम्क्याउँदै भन्यो, 'पैसा नतिरी र ३ जना मान्छे नबोलाई तिमी यहाँबाट जिउँदै जान सक्दैनौ । तिम्रो घर परिवारलाई तिमी कता छौं भन्ने पनि थाहा हुनेछैन ।' रुद्रराजलाई रातभर भोकै, एउटा अँध्यारो कोठामा बन्धक बनाइयो । उनलाई अनेकौं प्रलोभन र मानसिक यातना दिइयो ।उनीहरुले 'बुबालाई फोन गरेर अमेरिकाको भिसा लाग्यो, छिट्टै २ लाख आइएमई गरिदिन भन भने ।' उनीहरूले रुद्रराजलाई बाध्यताको भूमरीमा पारे, रातको तीन बजिसकेको थियो । रुद्रराजले सोचे, 'म डराए भने म जस्तै अरू ३ जना साथी पनि यो दलदलमा फस्छन् ।' पहरेदारहरू निदाएको मौका छोपी रुद्रराज पिसाब गर्ने बहानाले कोठाबाट बाहिर निस्किए र कसैगरी होटल कम्पाउन्डबाट भाग्न सफल भए ।

नेपाल प्रहरीले यो कुरा थाहा पाउनु साथ भारतीय प्रहरीसँगको समन्वयमा रुद्रराजलाई त्यहीँबाट उद्धार गऱ्यो । नेटवर्किङ, मानिस बन्धक बनाउनेहरू पक्राउ परे । माथिको कथा काल्पनिक जस्तो लागे पनि वास्तविकतासँग मेल खाने घटना हो ।

नेपालमा नेटवर्किङ व्यवसायलाई कानुनले पूर्णतया बन्देज लगाएको छ । यस्तो ठगी धन्दामा कुनै वस्तु वा सेवाको बिक्री हुँदैन । खासमा एक जना व्यक्तिले २ वा ३ जना सदस्य बनाउनु पर्ने र त्यस्ता सदस्यहरूबाट उठाइएको रकम नै माथिल्लो तहका व्यक्तिहरूले दामासाहीमा बाँडेर लिने गर्छन् ।

### कसरी फसाइन्छ त नेटवर्किङमा ?

बढ्दो बेरोजगारी र महँगीका कारण धेरै युवाहरू आकर्षक रोजगारीको लोभमा पर्छन् । सस्तोमा सामान पाउने, विदेश भ्रमण गर्न पाइने, देश-विदेशका फाइभ स्टार होटेलहरुमा सेमिनारमा जान पाइने लगायतका प्रलोभन देखाएर यसमा संगठित गर्ने गरिन्छ । तर यसमा लाग्नका लागि पहिले नै मोटो रकम असुल्ने गरिन्छ ।

नेटवर्किङ धन्दा वा पिरामिड ठगीमा मानिसहरूलाई फसाउनका लागि ठगहरूले चलाखीपूर्ण र मनोवैज्ञानिक विधिको प्रयोग गर्छन् । ठगहरूले निम्न विधिको प्रयोग गर्छन् ।

पहिलो, मेहनत नगरी धनी बन्ने सपना देखाइन्छ । दोस्रो, आरामदायक जीवनशैलीको प्रदर्शन गरेर मानिसलाई ठगी पासोमा पारिन्छ । तेस्रो, बहुराष्ट्रिय कम्पनीमा जागिर लगाई दिने प्रलोभन दिइन्छ । चौथो, उनीहरुले गरेको सबै काम सक्कली हो भन्ने दर्साउनका लागि नक्कली अन्तर्वार्ता लिइएको स्वाङ रचिन्छ । पाँचौं, एउटा निश्चित लक्ष्य देखाएर त्यहाँ पुगेमा शेयरको अंशियार बन्न पाउने बाचा गरिन्छ । छैटौं, कमिसनको थोरै पैसा दिइन्छ र धेरै रकम आफैले कुम्ल्याउने गरिन्छ ।

सातौं, नाता सम्बन्धलाई प्रयोग गरेर ठगीको जालोलाई विस्तार गरिन्छ । यति गर्दागर्दै कसैले रुद्रराजलेझै त्यहाँबाट निस्कन चाहेमा शारीरिक र मनोवैज्ञानिक दबाब दिइन्छ ।

### नेटवर्किङ शोषणको चक्र

गैरकानुनी नेटवर्किङले एउटा निश्चित चक्रमा काम गर्छ । यसको मुख्य उद्देश्य नयाँ व्यक्तिबाट पैसा उठाउनु र उनीहरूलाई यो जालोमा फसाउनु नै हुन्छ । यसको चक्रमा सबै भन्दा पहिले सम्पर्क स्थापित गरी प्रलोभनमा पार्ने । त्यसपछि टाढा बोलाएर तत्तत् व्यक्तिको सम्पर्क विच्छेद गर्ने । त्यसपछि तालिमका नाममा मानसिक दबाब दिने र उज्वल भविष्यको सपना देखाउने गरिन्छ । त्यसपछि लगानी र सदस्यताका नाममा बलजफती रकम असुली गर्ने गरिन्छ ।

यस चक्रमा चिनेजानेका साथी-भाइ, नातेदारहरूलाई सामाजिक सञ्जालमार्फत सम्पर्क गरिन्छ । कब्जामा राख्नका लागि प्रायः भारतीय सीमावर्ती सहरहरूमा बोलाइन्छ र त्यहाँ पुग्नासाथ मोबाइल खोस्ने, एक्लै हिँड्न नदिने र कडा निगरानीमा राख्ने काम गरिन्छ ।

नेटवर्किङ धन्दाका ठगहरूले नयाँ-नयाँ मानिसलाई फसाउनका लागि पैसा कमाउने त्यस्तो काल्पनिक र जादुई कथा बुन्छन्, मानौँ त्यो साकार भएमा जीवन नै सफल हुन्छ । र, यसलाई वास्तविक जस्तो देखाउन सेमिनारका नाममा टाई-सुट लगाएका मानिसलाई स्टेजमा उतारिन्छ । उनीहरू नाटकमा जस्तै अभिनय गर्दै भन्छन्, 'म पहिले सडकमा कवाडी उठाउँथैं । भोकभोकै हिँड्थैं । जब यो कम्पनीको काममा लागैं, पजेरो चढ्ने भएँ । काठमाडौंमा आफ्नै घर लिएँ । खातामा लाखौं रुपैयाँ जम्मा भएको मोबाइलमा नक्कली बैंक स्टेटमेन्ट देखाउँछन् ।

यस्तोमा अवकासप्राप्त समाजका प्रतिष्ठित व्यक्तिहरू पनि सहभागी हुन सक्छन् । अनि गठहरूले उनीहरूलाई नै देखाएर आफ्नो ठगी व्यवसायलाई फैलाउन यत्न गरिरहेका हुन्छन् । तर यस्तो धन्धाबारे प्रहरीले अनुसन्धान गर्न थालेमा वा पक्राउ गर्न थालेमा उनीहरू देखाउने अफिस समेत छोडेर कुलेलाम ठोक्छन् ।

### के नेटवर्किङ कारोबार वैध हो त ?

नेटवर्किङ व्यवसाय एउटा ठगी धन्दा हो । नेपालमा यस प्रकारको 'पिरामिड' मा आधारित नेटवर्किङ व्यवसायलाई कानुनद्वारा पूर्ण प्रतिबन्ध लगाइएको छ । यसमा कुनै वास्तविक वस्तु वा सेवाको बिक्री हुँदैन । एक जनाले २ वा ३ जना सदस्य थप्नुपर्ने र ती सदस्यहरूबाट उठाएको रकम माथिल्लो तहका व्यक्तिहरूले बाँडेर लिने गरिन्छ । नेपालको 'वस्तुको प्रत्यक्ष बिक्री ऐन, २०७४' को दफा ११ ले पिरामिडमा आधारित व्यवसाय सञ्चालन गर्न पूर्ण प्रतिबन्ध लगाएको छ । मुलुकी अपराध संहिता २०७४ः मा जबरजस्ती रकम असुल्ने र ठगी गर्ने कार्यमा संलग्न व्यक्तिलाई सात वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था गरेको छ भने मानिसलाई बन्धक बनाउने कार्य आफैमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को भाग २ को परिच्छेद १७ मा अपहरण वा शरीर बन्धक सम्बन्धी विषय आकर्षित हुने कसुर हो ।

# जकडिएका समस्याको नीतिगत समाधानमा व्यस्त शिक्षा मन्त्रालय




काठमाण्डु । शिक्षा तथा खेलकुद मन्त्रालयले लामो समयदेखि थाती रहेका शिक्षा र खेलकुद क्षेत्रका विवाद, माग र नीतिगत समस्यालाई वार्ता तथा संवादमार्फत समाधान गर्ने प्रयासलाई तीव्र बनाएको छ ।

शिक्षामन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेदेखि नै शिक्षा क्षेत्रमा विद्यमान नीतिगत तथा प्रणालीगत समस्याको पहिचान गर्दै तिनको दीर्घकालीन समाधान खोज्ने पहल अघि बढाउनुभएको छ । व्यक्तिगत वा संस्थागत रूपमा आउने समस्याको तत्कालीन समाधानभन्दा नीतिगत रूपमा सम्बोधन गर्नुपर्ने मान्यताका साथ मन्त्रालयले सरोकारवालासँग छलफल र संवादलाई प्राथमिकता दिएको छ ।

पछिल्ला केही सातामा डा गोविन्द केसीको अनसन, इन्टर्न चिकित्सकको आन्दोलन, शैक्षिक परामर्श संस्था तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर कार्यक्रम सञ्चालन गरिरहेका कलेजका समस्यालगायत विषयमा नीतिगत समाधान खोज्ने काम अघि बढेको छ ।

**शिक्षा नियमावलीदेखि नयाा शिक्षा ऐनसम्म**

शिक्षा नियमावलीको नवौँ संशोधनमा रहेका समस्या समाधान गर्न शिक्षा (दसौँ संशोधन) नियमावली, २०८३ ल्याइएको छ । शिक्षामन्त्रीले पदभार सम्हालेको १०० दिनभित्रै उक्त नियमावली ल्याइएको छ ।

दशकौँ पुरानो शिक्षा ऐनलाई संशोधन गरी नयाँ ऐन ल्याउने तयारीसमेत भइरहेको छ । ऐनको मस्यौदा अहिले छलफलको क्रममा रहेको मन्त्रालयले जनाएको छ । यस अवधिमा विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन तथा नियमन) नियमावली, २०८३ तथा शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन)सम्बन्धी नियमावलीलगायतका कानुनी तथा नीतिगत व्यवस्था अघि बढाइएको छ ।

मन्त्रालयले शिक्षा क्षेत्रमा रहेका समस्यालाई सम्बन्धित सरोकारवालासँग छलफल गरी सहमतिका आधारमा समाधान गर्ने प्रयासलाई निरन्तरता दिएको छ ।

**डा केसीसाग सात बुादे सहमति**

पछिल्लोपटक सरकारले डा गोविन्द केसीसँग सात बुँदे सहमति गरेपछि उहाँले ११ दिनदेखि जारी अनसन अन्त्य गर्नुभएको थियो । साउन १३ गतेदेखि अनसनरत डा केसीसँग भएको सहमतिअनुसार कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा कम्तीमा ३०० शय्याको शिक्षण अस्पताल सञ्चालन गर्ने प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

एमबीबीएसलगायत अन्य शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक प्राध्यापक, प्राविधिक जनशक्ति तथा पूर्वाधार व्यवस्थापनको कामसमेत सुरु भएको बताइएको छ । डा केसीसँगको सहमतिपछि मन्त्रालयले इन्टर्न चिकित्सकको आन्दोलन समाधानका लागि पनि सक्रिय पहल गरेको थियो । साउन २० गते मन्त्रीको निर्देशनमा चिकित्सा शिक्षा आयोगका उपाध्यक्षसहित मन्त्रालयको टोली आन्दोलनस्थल पुगेर आन्दोलनरत पक्षसँग प्रत्यक्ष संवाद गरेको थियो ।

त्यस्तै, साउन २१ गते मन्त्रालयले श्वेतपत्र सार्वजनिक गर्दै आन्दोलनरत चिकित्सकलाई वार्ता र संवादमार्फत समस्या समाधान गर्न अपिल गरेको थियो । त्यसको भोलिपल्ट साउन २२ गते अनसनरत डिल्ली हरिजनसँग पाँच बुदे सहमति भएपछि उहाँले पनि अनसन अन्त्य गर्नुभएको थियो ।

**इन्टर्न चिकित्सकलाई ५० प्रतिशत निर्वाह भत्ताको प्रस्ताव**

सहमतिअनुसार एमबीबीएस, बीडीएसलगायत एकवर्षे इन्टर्नसीप कार्यक्रममा अध्ययनरत विद्यार्थीलाई स्वास्थ्य सेवाको आठौँ तहको प्रारम्भिक तलब स्केलको ५० प्रतिशत बराबर निर्वाह भत्ता उपलब्ध गराउने विषयमा साउन २८ गते विस्तृत छलफल हुने भएको छ ।

उक्त छलफलमा शिक्षा तथा खेलकुद मन्त्रालय, चिकित्सा शिक्षा आयोग, विभिन्न विश्वविद्यालय, निजी मेडिकल तथा डेन्टल कलेजका प्रतिनिधि तथा आन्दोलनरत इन्टर्न चिकित्सक सहभागी हुनेछन् । छलफलबाट प्राप्त निष्कर्षलाई चिकित्सा शिक्षा आयोगको बैठकमा प्रस्तावका रूपमा प्रस्तुत गरिने सहमति भएको छ ।

त्यसैगरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम आयोगको बैठकमा 'स्टाइपेन्ड अभियान'का प्रतिनिधिलाई अनिवार्य रूपमा सहभागी गराउने विषयमा पनि सोही दिन छलफल गरिने भएको छ ।

इन्टर्न चिकित्सकको निर्वाह भत्तासम्बन्धी विषय भने केही महिनाअघिदेखि नै मन्त्रालयको प्राथमिकतामा रहेको थियो । वैशाख १ गते आन्दोलनरत पक्षले आफ्ना माग शिक्षामन्त्रीसमक्ष राखेपछि वैशाख ७ गते मन्त्रीको संयोजकत्वमा विश्वविद्यालयका उपकुलपति, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष तथा अन्य सरोकारवालाको बैठक बसेको थियो ।

बैठकले सुझाव दिन कार्यदल गठन गरेको थियो । कार्यदलले वैशाख ३० गते बुझाएको प्रतिवेदनमा एमबीबीएस तथा बीडीएस इन्टर्नसीप चिकित्सा शिक्षाको अभिन्न अङ्ग भएकाले इन्टर्न चिकित्सकलाई स्वास्थ्य सेवाको आठौँ तहका आवासीय चिकित्सकको प्रारम्भिक तलब स्केलको ५० प्रतिशतबराबर निर्वाह भत्ता उपलब्ध गराउन सिफारिस गरेको थियो ।

त्यसपछि चिकित्सा शिक्षा आयोगको २४औँ बैठकले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्थाअनुसार आवश्यक निर्देशन दिने अधिकार आयोगका उपाध्यक्षलाई प्रत्यायोजन गरेको थियो । सोही आधारमा असार ४ गते सबै विश्वविद्यालयलाई प्रतिवेदन कार्यान्वयनका लागि परिपत्र पठाइएको मन्त्रालयले जनाएको छ ।

**विश्वविद्यालय सुधार प्राथमिकतामा**

मन्त्रालयले विश्वविद्यालय सुधारलाई पनि प्राथमिकतामा राखेर काम अगाडि बढाएको छ । विश्वविद्यालयका उपकुलपति तथा अन्य पदाधिकारीको नियुक्तिलाई पारदर्शी, निष्पक्ष र प्रतिस्पर्धामूलक बनाउने, उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने तथा शैक्षिक प्रशासनलाई थप उत्तरदायी बनाउने दिशामा काम भइरहेको मन्त्रालयको भनाइ छ ।

सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश-२०८३ मार्फत विभिन्न निकायका पदाधिकारी स्वतः पदमुक्त भएपछि केही समय काम प्रभावित भए पनि रिक्त पदपूर्तिका लागि नयाँ कार्यविधि बनाएर पारदर्शी र निष्पक्ष नियुक्ति प्रक्रिया अघि बढाइएको छ । त्रिभुवन विश्वविद्यालयमा उपकुलपति नियुक्त भए पनि शिक्षाध्यक्ष र रजिस्ट्रारलगायत अन्य पदाधिकारी नियुक्त हुन बाँकी छन् । काठमाडौँ विश्वविद्यालयमा पनि पदाधिकारी छनोट प्रक्रिया जारी रहेकाले केही नीतिगत निर्णय कार्यान्वयनमा समय लाग्ने मन्त्रालयले स्पष्ट पारेको छ ।

**परीक्षा प्रणाली सुधार**

हालै सार्वजनिक भएको एमबीबीएस प्रथम वर्षको प्रश्नपत्र चुहावट प्रकरणमा मन्त्रालयले तत्काल हस्तक्षेप गरेको जनाएको छ । मन्त्रीको निर्देशनपछि सम्बन्धित निकायले २४ घण्टाभित्रै आरोपितलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रियामा ल्याएको थियो । घटनापछि परीक्षा प्रणालीलाई थप सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाउने विषयमा गृहकार्य अघि बढाइएको बताइएको छ ।

यसैबीच विद्यार्थीले उठाएका एमबीबीएस कार्यक्रमको ब्यारियर प्रणाली, अतिरिक्त शुल्क फिर्ता तथा पारदर्शी शुल्क निर्धारणलगायतका विषयमा पनि मन्त्रालयको सचिवालयमार्फत निरन्तर संवाद भइरहेको मन्त्रालयले जनाएको छ ।

**संवादलाई पहिलो प्राथमिकता**

शिक्षामन्त्री पोखरेलले मन्त्रालयले आन्दोलनलाई अन्तिम विकल्पका रूपमा नभई संवादलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभएको छ ।

उहाँका अनुसार शिक्षा तथा चिकित्सा शिक्षा क्षेत्रमा वर्षौँदेखि थुप्रिएका समस्या एकैपटक समाधान गर्न सम्भव नभए पनि क्रमिक रूपमा नीतिगत तथा संरचनागत सुधारका काम अघि बढिरहेका छन् ।

कानुनी जटिलता, नीतिगत अस्पष्टता र विभिन्न निकायबीचको समन्वय अभावका कारण कतिपय निर्णय कार्यान्वयनमा ढिलाइ हुँदै आएको मन्त्रालयले जनाएको छ । अहिले अन्तरमन्त्रालय समन्वय, सरोकारवालासँग नियमित छलफल तथा सचिवालयको सक्रिय पहलमार्फत ती समस्या समाधान गर्ने प्रयास भइरहेको छ ।

पछिल्लो समय शिक्षामन्त्री पोखरेलले विश्वविद्यालयका पदाधिकारी, सामुदायिक विद्यालयका प्रधानाध्यापक, शैक्षिक परामर्श संस्थाका प्रतिनिधि, मानसिक स्वास्थ्य क्षेत्रका विज्ञ, सञ्चारमाध्यमका प्रमुख, शिक्षा बिटका पत्रकार तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग छुट्टाछुट्टै छलफल गर्दै शिक्षा सुधारका एजेन्डामा सुझाव सङ्कलन गरिरहनुभएको छ । मन्त्रालयले शिक्षा तथा खेलकुद क्षेत्रका समस्या वार्ता, संवाद र सहमतिका माध्यमबाट समाधान गर्दै नीतिगत तथा संरचनागत सुधारलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ । रासस

## सुशासनका लागि राजनीतिक नेतृत्वमा जवाफदेहिता आवश्यक

पाटन । राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकालले सुशासन कायम गर्न राजनीतिक नेतृत्वमा सुधार र अनुशासन आवश्यक रहेको बताउनुभएको छ ।

गुड गभर्नेन्स प्रोटेक्सन फोरमले आइतबार ललितपुरमा आयोजना गरेको 'नेसनल गभर्नेन्स समिट' को उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले शासनसत्ताको स्रोत नागरिक भएकाले आम नागरिकलाई केन्द्रविन्दुमा राखेर राज्य सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

"पहुँचले जे पनि हुने अवस्थाले सुशासन कायम हुन सक्दैन," उहाँले भन्नुभयो, "सुशासन कायम गर्ने जिम्मेवारी बोकेका पदाधिकारी र निकाय अनुशासनमा रहेनन् भने सुशासन कायम हुन सक्दैन ।"

उहाँले विधिको शासन र अनुशासनका आधारमा काम गर्न कानुन निर्माणको जिम्मेवारीमा रहेका जनप्रतिनिधिले ध्यान दिनुपर्ने तथा शासनसत्तामा रहेकालाई जिम्मेवार र जवाफदेही बनाउन नागरिक तहबाटै खबरदारी आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टले १६औँ आवधिक योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिलाई प्राथमिकता दिएको उल्लेख गर्दै उत्पादन र उत्पादकत्व विकासमा जोड दिनुपर्ने बताउनुभयो । जलवायु परिवर्तन, खाद्य सुरक्षा तथा जनशक्ति र प्रतिभा पलायनका समस्यालाई सम्बोधन गर्दै 'डिजिटल' सुशासन र अर्थतन्त्रलाई जोडेर दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने उहाँको भनाइ थियो ।

गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराईले डिजिटल सुशासनमा केन्द्रित सम्मेलन महत्वपूर्ण रहेको बताउँदै संशोधनको चरणमा रहेका २१० वटा ऐन निर्माणमा सम्बन्धित सरोकारवाला र जनताको प्रत्यक्ष सहभागिता आवश्यक रहेको बताउनुभयो । नीतिगत व्यवस्था तथा कानुन तर्जुमामा जनताको सहभागिता र अपनत्व सुनिश्चित नभएसम्म सुशासन कायम हुन नसक्ने उहाँले बताउनुभयो । रासस

# सरकारलाई जिम्मेवार बनाउने गरी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेका छौँ: सभापति थापा



पाटन । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकारलाई जिम्मेवार बनाउने गरी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेका बताउनुभएको छ ।

पार्टीको केन्द्रीय कार्यालयमा आइतबारदेखि सुरु भएको केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै सभापति थापाले नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी भएकाले सरकारमाथि प्रश्न गर्ने आफूहरुको जिम्मेवारी भएको बताउनुभयो ।

"जब राष्ट्रिय मुद्दाहरूमा आउँछौँ, जहाँ सरकारसँग सहकार्य गर्नुपर्ने हुन्छ, त्यो बेलामा सबैभन्दा अगाडि प्रमुख प्रतिपक्षी दल सर्नुपर्छ, सँगसँगै हाम्रो अर्को जिम्मेवारी पनि छ, हामी प्रतिपक्ष हौँ, त्यसैले सरकारमाथि प्रश्न गर्ने हाम्रो जिम्मेवारी हो, तीन दल मिलेर सरकार बनाऔँभन्दा हामीले प्रतिपक्षीविहीन प्रदेश सरकारको अस्वीकार गरेका हौँ", सभापति थापाले भन्नुभयो ।

सभापति थापाले नेपाली कांग्रेस पार्टीभित्र सम्पन्न भएको विशेष महाधिवेशन पूर्ण रूपमा विधानसम्मत, आवश्यक र औचित्यपूर्ण थियो भन्नुभयो ।

"महाधिवेशन सफलतापूर्वक सम्पन्न भएपछि यसले एउटा स्पष्ट निष्कर्ष निकालेको थियो, सोही निष्कर्ष र परिणामलाई लिएर हामी निर्वाचन आयोगमा उपस्थित भयौँ, निर्वाचन आयोगले नेपालको प्रचलित कानुन, निर्वाचनसम्बन्धी नियमहरू र आफ्नै आन्तरिक प्रशासनिक व्यवस्थाअनुसार पार्टीको महाधिवेशनबाट आएको नतिजालाई अध्ययन गर्‍यौं । आयोगले उक्त परिणामलाई आधिकारिक रूपमा स्वीकार गर्दै बुझ्यो र सोहीअनुसार पार्टीको विवरण अद्यावधिक गर्‍यो । यससँगै निर्वाचन आयोगको प्रक्रिया पूरा भयो", सभापति थापाले भन्नुभयो ।

सभापति थापाले महाधिवेशनको प्रक्रिया र परिणामलाई लिएर पार्टीका केही साथीहरूले पूर्ण असहमति व्यक्त गर्नुभएको विषय पुनः अदालतमा प्रवेश गरेको भन्दै यसले थप प्रष्ट पार्ने बताउनुभयो ।

"आयोगको निर्णयमाथि उठेका केही प्रश्नहरूमाथि पुनः एकपटक छलफल होस् भन्ने मनसायका साथ यो विषय पुनः अदालतको प्रक्रियामा पुगेको हो", उहाँले भन्नुभयो ।

सभापति थापाले १५औँ महाधिवेशनलाई निष्पक्ष बनाउन अग्रजहरूको सम्मान र सबै साथीहरूलाई समान अधिकार दिइनेछ भन्ने जानकारी गराउनुभयो । उहाँले दबाबमा नपरी, पुराना र नयाँ पुस्ताका साथै सबै समावेशी समुदायलाई समेटेर रुख चिन्हप्रति प्रतिवद्ध रही पार्टी एकजुट बनाउनुपर्छ भन्नेमा जोड दिनुभयो । रासस

# चार महिनामै परिवर्तन खोज्नु हुँदैनः महामन्त्री आचार्य



रुपन्देही । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का महामन्त्री विपिनकुमार आचार्यले मुलुकमा लामो समयदेखि थुप्रिएको बेथिति अन्त्य गर्दै दिगो परिवर्तनका लागि सरकारलाई समय र नागरिकको निरन्तर साथ आवश्यक रहेको बताउनुभएको छ ।

रास्वपा रुपन्देहीले आइतबार भैरहवामा आयोजना गरेको पदस्थापना, पार्टी प्रवेश तथा सम्मान कार्यक्रममा महामन्त्री आचार्यले चार महिनाको अवधिमै सरकारको सम्पूर्ण कामको मूल्याङ्कन गर्नुभन्दा सुधारका प्रयासलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । उहाँले देश निर्माणका लागि तत्काल परिणाम खोज्नेभन्दा दीर्घकालीन आधार तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

"छत्तीस वर्षदेखि बिग्रिएको व्यवस्था चार महिनामै परिवर्तन हुन्छ भन्ने हुँदैन । छिटो परिणाम देखाउने नाममा गरिएको काम दिगो नहुन सक्छ । देश बलियो बनाउने आधार तयार गर्न समय लाग्छ", महामन्त्री आचार्यले भन्नुभयो ।

महामन्त्री आचार्यले रास्वपा तथा सरकारका काममा कमजोरी देखिए खुलेर प्रश्न गर्न नागरिकलाई आग्रह गर्नुभयो । नागरिकको प्रश्न र खबरदारीलाई आफूहरूले सकारात्मक रूपमा लिने उल्लेख गर्दै उहाँले त्यस्ता प्रश्नले पार्टीलाई थप जिम्मेवार र बलियो बनाउने बताउनुभयो । "हामीले गलत काम गर्‍यौँ भने प्रश्न गर्न नहिचकिचाउनुहोस् । तपाईँहरूको प्रश्नले हामीलाई सच्याउने र बलियो बनाउने काम गर्छ", उहाँले भन्नुभयो ।

सरकारप्रति नागरिकले गरिरहेको खबरदारीलाई विरोधका रूपमा मात्र बुझ्न नहुने महामन्त्री आचार्यले बताउनुभयो । सरकारसँग नागरिकको अपेक्षा धेरै भएकाले प्रश्न र आलोचना भइरहेको उहाँको भनाइ थियो । रास्वपा स्थापना भएको चार वर्ष पुगेको उल्लेख गर्दै उहाँले सरकार सञ्चालनको प्रारम्भिक चरणमै सबै समस्या समाधान भइसक्ने अपेक्षा व्यावहारिक नहुने बताउनुभयो । सरकारले सही दिशामा काम गर्न खोजेको जानकारी दिनुभयो ।

प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका आचार्यले विगतका सरकारका समयमा विभिन्न अनियमितता तथा काण्डसँग सम्बन्धित समाचार आउने गरेको दाबी गर्दै पछिल्लो चार महिनामा त्यस्तो अवस्था नरहेको बताउनुभयो । उहाँले केन्द्र सरकारले अघि बढाउन खोजेका कतिपय काममा विभिन्न किसिमका अवरोध सृजना गर्ने प्रयास भइरहेको आरोपसमेत लगाउनुभयो । ग्यास तथा मल वितरणलगायतका विषयमा समस्या सृजना गरिएको उल्लेख गर्दै उहाँले सरकारलाई काम गर्न सहज वातावरण आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा रास्वपाका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य सुलभ खरेलले मुलुकमा विद्यमान बेथिति अन्त्य नगरेसम्म अपेक्षित परिवर्तन सम्भव नहुने बताउनुभयो । उहाँले आफूहरू सरकारको विरोध गर्न नभई नागरिकका समस्या सरकारसम्म पुर्‍याउन र आवश्यक ठाउँमा खबरदारी गर्न सक्रिय रहेको स्पष्ट पार्नुभयो ।

रास्वपाका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य ज्ञानु पौड्यालले रास्वपा नेतृत्वको सरकारसँग नागरिकको ठूलो अपेक्षा रहेको बताउँदै ती अपेक्षा पूरा गर्न सरकार र पार्टीले जनतासँग निरन्तर संवाद गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा रास्वपा नेता तथा प्रतिनिधिसभा सदस्य डा लेखजङ्ग थापा, तौफिक अहमद खाँ, मञ्जु भुसाल, पुनम अग्रवाल, सुशान्त वैदिकलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । रासस

## सबै समुदायको अधिकार सुनिश्चित गर्नुपर्नेमा संयोजक प्रचण्डको जोड



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सबै समुदायको न्यायपूर्ण प्रतिनिधित्व र सम्मानपूर्ण सहभागिताबाट मात्र समावेशी लोकतन्त्र, सामाजिक न्याय र सुदृढ राष्ट्र निर्माण गर्न सकिने बताउनुभएको छ ।

विश्व आदिवासी दिवसका अवसरमा जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले विविधताको सम्मान र समान अधिकारबिना राष्ट्रिय एकता बलियो हुन नसक्ने बताउनुभएको छ ।

संयोजक दाहालले जनसंघर्षबाट प्राप्त समावेशी, समानुपातिक तथा सहभागितामूलक अधिकारको रक्षा गर्दै बाँकी अधिकार प्राप्तिको सङ्घर्षलाई अझ सशक्त बनाउनु आजको आवश्यकता भएको बताउनुभएको छ । रासस

## तीनबुँदे सहमतिअनुसार कर्णालीमा मन्त्रिपरिषद् विस्तार हुँदै

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले चाँडै मन्त्रिपरिषद् विस्तार हुने बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बीच भएको तीनबुँदे सहमतिअनुसार मन्त्रिपरिषद् गठन हुने बताउनुभयो ।

रासससँगको सङ्क्षिप्त कुराकानीमा मुख्यमन्त्री शाहीले मन्त्रिपरिषद् विस्तारबारे प्रदेशमा छलफल जारी रहेको र सहमतिको चरणमा आफूहरू पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "केही दिनमा मन्त्रिपरिषद्ले पूर्णता पाउँछ ।"रासस

# विविधतामा एकताले राष्ट्रिय अखण्डता बलियो बनाउँछ : राष्ट्रपति




काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको वर्तमान संविधानले विविधतामा एकतालाई आत्मसात् गर्दै सबै समुदायको हक र हितलाई सुनिश्चित गरेको बताउनुभएको छ ।

बत्तिसौँ विश्व आदिवासी दिवसका अवसरमा आदिवासी जनजाति आयोगद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा उहाँले हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक भएको बताउनुभयो । उहाँले परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको विशिष्ट पहिचान र संस्कृति नै नेपालको राष्ट्रिय गौरव भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "आदिवासी जनजातिहरू यस धर्तीका धर्तीपुत्रहरू हुन्, जसको जल, जमिन र प्राकृतिक स्रोतसँग अटुट र आध्यात्मिक सम्बन्ध रहेको छ ।"

राष्ट्रपति पौडेलले राज्यको नीतिनिर्माण र निर्णायक तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु सरकारको दायित्व भएको भन्दै पछिल्लो तथ्याङ्कअनुसार स्थानीय तहमा आदिवासी जनजातिको प्रतिनिधित्व उत्साहजनक रूपमा ३६.८ प्रतिशत रहेको स्पष्ट पार्नुभयो । उहाँले बिस्तारै शिक्षामा पहुँच पुर्‍याएर अगाडि बढ्न आजको आवश्यकता भएको आफूलाई लागेको बताउनुभयो ।

उहाँले नेपाल अन्तरराष्ट्रिय मञ्चमा पनि आदिवासी अधिकारको पक्षमा अग्रपङ्क्तिमा उभिएको उल्लेख गर्दै नेपाल आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने अन्तरराष्ट्रिय महासन्धि 'आइएलओ महासन्धि नं. १६९' अनुमोदन गर्ने दक्षिण एसियाकै पहिलो राष्ट्र भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र जैविक विविधता महासन्धिप्रति हाम्रो पूर्ण प्रतिबद्धता रहेको छ । यी अन्तरराष्ट्रिय दस्तावेजहरूले आदिवासीको अधिकार र सांस्कृतिक स्वायत्ततालाई मान्यता दिएको छ ।"

राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि नै आदिवासी जनजातिको हक, हितको संरक्षण र संवर्द्धनका लागि संविधानमा 'आदिवासी जनजाति आयोग' को व्यवस्था गरिएको बताउदै भन्नुभयो, "यो संवैधानिक निकायले आदिवासीहरूको गौरवमय इतिहास, भाषा र संस्कृतिको रक्षा गर्दै उनीहरूको सशक्तीकरणमा काम गरिरहेको छ र यसले अझै प्रभावकारी ढङ्गले भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।"

उहाँले नेपालको दक्षिणी समथर भूभाग, तराई-मधेसको विकास र त्यहाँ रहेका आदिवासी समुदायको न्याय र अधिकारबिना समृद्ध नेपाल सम्भव नभएको उल्लेख गर्दै भन्नुभयो, "विगतमा भएका द्वन्द्व र असन्तुष्टिहरूलाई लोकतान्त्रिक संवाद र संवैधानिक प्रक्रियामार्फत हल गर्दै दिगो शान्ति र सामाजिक सबै समुदायबीचको आपसी सद्भाव र एकताले नै राष्ट्रिय अखण्डतालाई बलियो बनाउँछ । लोकतन्त्रमा मात्रै सबै जात, जाति तथा पिछडिएको समुदायको हक, अधिकार सुनिश्चित हुन्छ भन्ने हामीले कहिल्यै बिर्सन हुन्न ।"

राष्ट्रपति पौडेलले आदिवासी जनजातिमा रहेको परम्परागत ज्ञान, सीप र प्रविधिलाई व्यावसायिक रूपान्तरण गरी उनीहरूको आर्थिक सशक्तीकरण गर्नु आजको आवश्यकता भएको छ । रासस

# आङ सान सुकीको रिहाइसम्बन्धी आसियानको आह्वान म्यानमाद्वारा अस्वीकार



एएफपी । म्यानमाको सैन्य समर्थित सरकारले नजरबन्दमा रहेकी पूर्वनेतृ आङ सान सुकीको पूर्ण तथा निःशर्त रिहाइका लागि दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान)ले गरेको आह्वान अस्वीकार गरेको छ।

म्यानमाको विदेश मन्त्रालयले आसियानको विशेष दूतको आवश्यकता पनि नरहेको जनाएको छ। राष्ट्रपति मिन आङ ह्लाइङले सन् २०२१ मा सुकी नेतृत्वको निर्वाचित सरकारबाट सत्ता कब्जा गरेपछि म्यानमाले आसियानसँग सम्बन्ध सुधार गर्ने प्रयास गर्दै आएको छ।

आसियानले सन् २०२१ मा म्यानमामा हिंसा अन्त्य गरी सम्बन्धित पक्षबीच संवाद सुरु गराउने उद्देश्यले पाँचबुँदे सहमति गरेको थियो । विशेष दूतमार्फत उक्त सहमति कार्यान्वयन गराउने प्रयास भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै मिन आङ ह्लाइङलाई आसियानका उच्चस्तरीय बैठकमा सहभागी हुन रोक लगाइएको छ।

यसैबीच, म्यानमा सरकारले गत साता अन्तरराष्ट्रिय रेडक्रस समितिका प्रतिनिधिलाई सुकीसँग भेट गर्न अनुमति दिएको थियो । सन् २०२१ मा नजरबन्दमा राखिएयता कुनै स्वतन्त्र अन्तरराष्ट्रिय मानवीय संस्थाका प्रतिनिधिले सुकीलाई भेटेको यो पहिलो ज्ञात घटना हो।

एकासी वर्षीया सुकीले राजधानी नेपितावमा अज्ञात स्थानमा घरमै नजरबन्दको सजाय भोगिरहनुभएको छ। उहाँमाथिका मुद्दा राजनीतिक उद्देश्यबाट प्रेरित रहेको उहाँका समर्थक तथा मानवअधिकारवादी संस्थाहरूले बताउँदै आएका छन्।

आसियानको वर्तमान अध्यक्ष फिलिपिन्सले शुक्रबारको बैठकपछि म्यानमामा संवाद र मेलमिलापको प्रयासलाई स्वागत गर्दै राजनीतिक बन्दीलाई थप पहुँच दिन आग्रह गरेको थियो । फिलिपिन्सले सुकीको पूर्ण तथा निःशर्त रिहाइको माग पनि दोहोर्याएको थियो।

म्यानमाको विदेश मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा भने सरकारले मानवीय आधारमा सुकीको सजाय घटाएको भए पनि पूर्ण तथा निःशर्त रिहाइ कानुनअनुसार मात्र हुने बताएको छ।

विज्ञप्तिमा आसियानका वर्तमान विशेष दूत तथा फिलिपिन्सका विदेशमन्त्री मारिया थेरेसा लाजारोसँग सहकार्य जारी राख्ने उल्लेख गर्दै आगामी जनवरी १ देखि सिङ्गापुरले आसियानको अध्यक्षता सम्हालेपछि पनि विशेष दूतको आवश्यकता नरहेको सङ्केत गरिएको छ।

म्यानमा सरकारले हाल जनताको वास्तविक इच्छाअनुसार बहुदलीय निर्वाचनबाट सरकार गठन भएको दाबी गरेको छ। तर आलोचकहरूले गत डिसेम्बर र जनवरीमा भएको निर्वाचनलाई नागरिक शासन पुनःस्थापनाको नाममा सेनाको सत्ता नियन्त्रणलाई वैधता दिने प्रयासका रूपमा आलोचना गरेका छन्।

सन् २०२१ मा सत्ता कब्जा गरेपछि म्यानमामा सैन्य शासनविरुद्ध सशस्त्र विद्रोह र द्वन्द्व जारी छ।

# टर्की-साउदी-पाकिस्तान रक्षा सम्झौता विस्तारको तयारी



एएफपी । टर्कीले क्षेत्रीय स्थिरता कायम गर्ने उद्देश्यले साउदी अरब र पाकिस्तानसँग गरेको संयुक्त रक्षा सम्झौतामा इजिप्ट पनि सहभागी हुने अपेक्षा गरेको छ।

टर्कीका विदेशमन्त्री हाकान फिदानले शनिबार इजिप्टलाई सबै विषयमा स्वाभाविक साझेदार भन्दै आगामी चरणमा उक्त देश पनि सम्झौतामा सहभागी हुने विश्वास व्यक्त गर्नुभएको हो।

साउदी अरब, टर्की र पाकिस्तानले शुक्रबार 'मक्का संयुक्त रक्षा सम्झौता'मा हस्ताक्षर गरेका थिए । सम्झौताअनुसार कुनै एक सदस्य राष्ट्रमाथिको आक्रमणलाई सबै सदस्य राष्ट्रमाथिको आक्रमणका रूपमा लिइनेछ । यसको उद्देश्य तीन देशबीच सामूहिक प्रतिरोध क्षमता सुदृढ गर्नु रहेको पाकिस्तानको विदेश मन्त्रालयले जनाएको छ।

सरकारी समाचार संस्था अनादोलुसँगको अन्तर्वार्तामा फिदानले सम्झौता कुनै निश्चित देशलाई लक्षित गरेर नगरिएको बताउनुभयो। सम्झौतामा कुनै साझा खतराको लिखित रूपमा उल्लेख नगरिएको उहाँले स्पष्ट पार्नुभयो।

फिदानले सम्झौतामा इजिप्टको सहभागिताका लागि केही प्राविधिक विषय टुङ्ग्याउन बाँकी रहेको बताउँदै ती विषय कार्यान्वयनमा आएपछि इजिप्ट सहभागी हुनुपर्ने कुनै कारण नरहेको उल्लेख गर्नुभयो।

उहाँले सम्झौतालाई मध्यपूर्वमा दीर्घकालीन स्थिरता कायम गर्ने दिशामा महत्वपूर्ण कदमका रूपमा व्याख्या गर्दै भविष्यमा गठबन्धनमा अन्य देशलाई पनि सहभागी गराउनुपर्ने बताउनुभयो।

अमेरिका र इरानबीच जारी युद्धका कारण मध्यपूर्वको सुरक्षा अवस्था तनावपूर्ण रहेका बेला तीन देशबीच रक्षा सम्झौता भएको हो । युद्धका कारण छिमेकी मुलुकहरू पनि प्रभावित भएका छन् भने होर्मुज जलसन्धि र लाल सागरमार्फत हुने समुद्री यातायातमा समेत अवरोध पुगेको छ।

# इंग्ल्यान्डका अलराउन्डर जैब सुदूरपश्चिम रोयल्समा




**टुडे समाचारदाता**

काठमाण्डु । सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपिएल) तेस्रो सिजनका लागि इंग्ल्यान्डका अलराउन्डर सेफ अली जैबलाई आफ्नो पहिलो विदेशी खेलाडीका रूपमा अनुबन्ध गरेको छ।

एनपिएलको पहिलो संस्करणमा समेत सुदूरपश्चिम रोयल्सबाट खेलेका जैब प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भएका थिए। उनले ९ खेलमा २ अर्धशतकसहित २ सय ७५ रन बनाउनुका साथै १२ विकेट लिएका थिए।

राष्ट्रिय टोलीबाट भने नखेलेका जैबले इंग्ल्यान्डको घरेलु क्रिकेटमा निरन्तर प्रभावशाली प्रदर्शन गर्दै आएका छन्। बाँयाहाते ब्याटर जैबले टि ट्वान्टी क्रिकेटमा १ सय १२ खेलबाट १ हजार ७ सय ९२ भन्दा बढी रन बनाएका छन् । जसमा उनको स्ट्राइक रेट १४० भन्दा माथि रहेको छ।

भाइटालिटी ब्लास्टमा मात्रै उनले १ हजार ६ सय भन्दा बढी रन बनाइसकेका छन्। स्लो लेफ्ट-आर्म बलरका रूपमा समेत प्रभावशाली रहेका जैबले टि ट्वान्टी क्रिकेटमा २३ विकेट लिएका छन्।

जैबले हालै भाइटालिटी ब्लास्ट र द हन्ड्रेडमा समेत सहभागिता जनाएका छन् । ' म फेरि आफ्नो घरमा फर्कन पाउँदा निकै खुसी छु र नेपालमा आएर फेरि खेल्न निकै उत्साहित छु,' जैबले भनेको सुदूरपश्चिमले जनाएको छ।

सुदूरपश्चिम रोयल्सका सिइओ प्रकाश खड्काले जैबको पुनरागमनले टोलीलाई थप बलियो बनाउने विश्वास व्यक्त गरेका छन्। 'जैबलाई फेरि टोलीमा स्वागत गर्न पाउँदा हामी निकै खुसी र उत्साहित छौं। नेपाली कन्डिसनमा म्याच विनरका रूपमा आफूलाई प्रमाणित गरिसकेका जैबबाट यसपटक पनि पहिलो संस्करणकै जस्तै योगदानको अपेक्षा गरेका छौं। पहिलो उपाधि जित्ने हाम्रो लक्ष्यमा उनको भूमिका महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएका छौं,' खड्काले भने।

सुदूरपश्चिम रोयल्सले कप्तान दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, आरिफ शेख, इशान पाण्डे, अभिनाश बोहरा, हेमन्त धामी र हिक्मत महरालाई रिटेन गरेको थियो।

त्यस्तै, अक्सनमार्फत दीपक बोहरा, मिलन बोहरा, टेक रावत, अनिल खरेल, सचिन भट्ट र आयुव चन्दलाई टोलीमा भित्र्याएको थियो।

# साउदीको लाल सागर तटस्थित रिफाइनरीमा आक्रमण गरेको हुथीको दाबी

एएफपी । साउदी अरबको लालसागर तटस्थित जिजानमा रहेको तेल प्रशोधन केन्द्रमा ड्रोन आक्रमण गरेको यमनका हुथी विद्रोहीले आइतबार दाबी गरेका छन् । साउदी अरबले उक्त रिफाइनरीमा लागेको आगो नियन्त्रणमा लिएको जानकारी दिएलगत्तै हुथी समूहले आक्रमणको दाबी गरेको हो।

हुथी विद्रोही समूहका सैन्य प्रवक्ता याह्या सारीले जिजानस्थित साउदी आरामको रिफाइनरीलाई ड्रोनमार्फत लक्षित गरिएको बताउनुभयो । उत्तरपश्चिमी यमनमा साउदी ड्रोनको घुसपैठको जवाफमा उक्त कारबाही गरिएको उहाँको दाबी छ।

साउदी अरबको ऊर्जा मन्त्रालयले यसअघि जिजानस्थित रिफाइनरीको एक केन्द्रमा आइतबार बिहान आगलागी भएको र औद्योगिक सुरक्षा तथा अग्निनियन्त्रण टोलीले आगो नियन्त्रणमा लिएको जनाएको थियो। घटनामा कोही पनि घाइते नभएको मन्त्रालयले जनाएको छ । आगलागीको कारण भने खुलाइएको छैन।

हुथी विद्रोहीले गत जुलाईमा पनि सोही रिफाइनरीलाई लक्षित गरेको दाबी गरेका थिए।

साउदी अरब अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त यमनी सरकारको समर्थनमा एक दशकभन्दा बढी समयदेखि यमनको गृहयुद्धमा संलग्न छ। सन् २०२२ मा भएको युद्धविरामपछि तुलनात्मक रूपमा शान्त रहेको द्वन्द्व पछिल्लो समय पुनः तनावपूर्ण बनेको छ।

हुथी विद्रोहीले यमनको राजधानी सानासहित देशको ठूलो भूभाग नियन्त्रणमा राखेका छन् । समूहले लाल सागरमा आवतजावत गर्ने जहाज तथा साउदी अरबका तेलसम्बन्धी पूर्वाधारलाई पनि निसाना बनाउँदै आएको छ । लालसागरमा जहाज आवतजावत र साउदी तेल पूर्वाधारमाथिको जोखिम मध्यपूर्वमा बढ्दो क्षेत्रीय तनावबीच देखिएको हो। यसैबीच, 'स्ट्रेट अफ होर्मुज'को सुरक्षालाई लिएर इरान र अमेरिकाबीच पनि तनाव जारी रहेको एएफपीले जनाएको छ।

# डढेलो फैलिएपछि इन्डोनेसियाको राष्ट्रिय निकुञ्ज बन्द

एएफपी । इन्डोनेसियाको पूर्वी जाभामा रहेको ब्रोमो टेङ्गर सेमेरु राष्ट्रिय निकुञ्जमा करिब एक सातादेखि डढेलो फैलिएपछि अधिकारीहरूले राष्ट्रिय निकुञ्जमा पर्यटकको प्रवेशमा रोक लगाएका छन्।

माउन्ट ब्रोमो नजिकै रहेको उक्त राष्ट्रिय निकुञ्जमा सोमबारदेखि लागेको डढेलोले हालसम्म करिब १७६ हेक्टर क्षेत्रफलमा क्षति पुयाएको राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सीले जनाएको छ।

एजेन्सीका प्रवक्ता अब्दुल मुहारीका अनुसार डढेलोका कारण हालसम्म मानवीय क्षति वा सम्पत्तिमा क्षति भएको विवरण प्राप्त भएको छैन । आगलागी नियन्त्रणका लागि दुईवटा पानी बम प्रहार गर्ने हेलिकप्टर परिचालन गरिएको छ।

भिरालो भूभाग र तीव्र हावाका कारण जमिनबाट पुग्न कठिन क्षेत्रमा आगो निभाउन



हवाई उद्धार तथा अग्नि नियन्त्रण अभियान सञ्चालन गरिएको प्रवक्ता मुहारीले बताउनुभयो।

यसअघि सन् २०२३ मा माउन्ट ब्रोमो क्षेत्रमा लागेको डढेलोले ५०० हेक्टरभन्दा बढी वन क्षेत्र जलेर नष्ट भएको थियो । विवाहपूर्वको तस्बिर खिच्ने क्रममा एक जोडीले आगो बाल्दा उक्त डढेलो फैलिएको थियो।

इन्डोनेसियामा यस वर्ष सुख्खा मौसम अझ तीव्र र लामो हुने अनुमान गरिएको छ। मौसम विज्ञान, जलवायु तथा भूभौतिकी एजेन्सी (बीएमकेजी)का अनुसार एल निनो मौसमी घटनाका कारण देशमा डढेलो र खडेरीको जोखिम बढ्न सक्छ।

यस वर्षको पहिलो छ महिनामा इन्डोनेसियामा एक लाख सात हजार हेक्टरभन्दा बढी क्षेत्रफल डढेलोबाट प्रभावित भएको बताइएको छ । यो सन् २०२३ को सोही अवधिमा डढेलोबाट प्रभावित क्षेत्रफलभन्दा करिब दोब्बर हो।

# बाको निधनपछि मेस्सी अनुपस्थित मियामी लिग्स कपमा पराजित



एएफपी । बुबाको निधनपछि लियोनेल मेस्सी अनुपस्थित रहँदा इन्टर मियामीले शनिबार लिग्स कपको खेलमा मोन्टेरेसँग २-१ ले पराजीत हुनरिको छ।

टोलीहरूले खेलअघि जर्ज मेस्सीका लागि एक मिनेट मौन धारण गरेका थिए। उहाँको अर्जेन्टिनामा ६८ वर्षको उमेरमा निधन भएको हो । इन्टर मियामीका कप्तान लियोनेल मेस्सी शनिबार राति त्यहाँ पुग्नुभएको थियो।

"हाम्रो हृदय हाम्रा कप्तान लियो र सम्पूर्ण मेस्सी परिवारसँग छ," इन्टर मियामीले एक विज्ञप्तिमा भनेको छ।

अर्जेन्टिनी मिडफिल्डर रोड्रिगो डि पाउलले ३२ औं मिनेटमा गोल गरेर मियामीलाई पहिलो ४५ मिनेटमा १-० को अग्रता दिलाउनुभएको थियो। यो मेक्सिकन टोलीविरुद्धको समूह चरणको खेल थियो।

बेल्जियमका स्ट्राइकर हुगो कुइपर्सले ४७ औं मिनेटमा गोललाई बराबरी गरेका थिए । त्यसपछि उरुग्वेकास्ट्राइकर डिएगो रोस्सीले ९० औं मिनेटमा विजयी गोल गरेका थिए । मेजर लिग सकरको च्याम्पियन मियामीले आफ्नो पहिलो समूह चरणको खेलमा एट्लेटिको सान लुइसलाई ४-२ ले जितेका थियो। इन्टर मियामी बुधबार लियोनसँग खेल्नेछ।

# आणविक नीतिमा पुनर्विचारको सङ्केतपछि जापानमा चिन्ता

एएफपी । जापानले सन् १९४५ को आणविक बम आक्रमणको वार्षिकोत्सव मनाइरहेका बेला देशको लामो समयदेखिको शान्तिवादी नीतिमाथि चुनौती देखिएपछि आणविक हतियारसम्बन्धी बहसले शान्तिवादी पक्षधरलाई चिन्तित बनाएको छ।

जापानको संविधानले युद्ध र सैन्य शक्तिको प्रयोग त्यागेको छ । साथै, जापानले दशकौंदेखि आणविक हतियार नराख्ने, उत्पादन नगर्ने र आफ्नो भूमिमा भित्रिन नदिने तीन गैर-आणविक सिद्धान्त पालना गर्दै आएको छ। तर चीनलगायत पूर्वी एसियाली मुलुकको बढ्दो सैन्य क्षमता तथा जापानको प्रमुख सुरक्षा साझेदार अमेरिकाको विश्वसनीयतामाथि उठिरहेका प्रश्नका कारण उक्त नीति दबाबमा परेको छ।

प्रधानमन्त्री सानाए ताकाइचीले तीन गैर-आणविक सिद्धान्तप्रतिको सरकारको भावी अडान स्पष्ट पार्न अस्वीकार गर्नुभएको छ । रक्षामन्त्री शिन्जिरो कोइजुमीले गत महिना आणविक हतियारसम्बन्धी विषयमा कुनै बन्देजबिना छलफल गर्नुपर्ने बताउनुभएको थियो।

गत डिसेम्बरमा सरकारका एक




वरिष्ठ अधिकारीले जापानले आणविक हतियार राख्नुपर्ने सङ्केत गरेपछि त्यसको जापानमा व्यापक आलोचना भएको थियो।

सन् १९४५ को हिरोसिमा आणविक बम आक्रमणबाट बाँच्नुभएका ८२ वर्षीय अभियानकर्मी सातोशी तानाकाले जापानको आणविकविरोधी प्रतिबद्धता परिवर्तन हुन सक्ने आशङ्काले आफू चिन्तित रहेको बताउनुभयो । उहाँले सैन्य क्षमतामा मात्र ध्यान दिनुको सट्टा कूटनीतिमार्फत शान्ति निर्माणमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

जापानले बिहीबार हिरोसिमा आणविक बम आक्रमणको ८१ औं वार्षिकोत्सव मनाएको थियो भने आइतबार नागासाकी आक्रमणको स्मरण गर्दै कार्यक्रम आयोजना गर्दैछ। सन् १९४५ को अगस्तमा अमेरिकाले हिरोसिमा र नागासाकीमा गरेको आणविक बम आक्रमणमा विकिरणको प्रभावसहित दुई लाख १० हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो।

## रक्षा नीति विस्तारमा जापान

चीनको बढ्दो सैन्य क्षमतालाई ध्यानमा राख्दै ताकाइची सरकारले राष्ट्रिय रक्षा रणनीतिमा व्यापक परिवर्तन गरिरहेको छ । सरकारले रक्षा बजेट वृद्धि गर्नुका साथै हतियार निर्यातसम्बन्धी प्रतिबन्ध खुकुलो बनाएको र संविधान संशोधनको प्रयाससमेत अघि बढाएको छ।

यी कदमप्रति चीनले आलोचना गर्दै जापानलाई 'नयाँ सैन्यवाद'तर्फ अघि बढेको आरोप लगाएको छ। यसैबीच, जापानमा सन् १९४५ को आणविक बम आक्रमणबाट बाँचेकाहरूको सङ्ख्या निरन्तर घटिरहेको छ । मार्चसम्म सरकारले हिरोशिमा र नागासाकी आक्रमणबाट बाँचेकाहरूको सङ्ख्या ९१ हजारभन्दा बढी रहेको जनाएको थियो। उनीहरूको औसत उमेर ८६ दशमलव सात वर्ष पुगेको छ।

## गैर-आणविक सिद्धान्तमा पुनर्विचारको बहस

अमेरिकाले सन् १९६७ देखि लागू जापानका तीन गैर-आणविक सिद्धान्तको भविष्यमा चासो देखाउँदै आएको छ।

ताकाइचीका समर्थकहरूले क्षेत्रीय सुरक्षा र अमेरिकी आणविक निरोध क्षमता सुनिश्चित गर्न जापानमा अमेरिकी आणविक हतियार राख्न अनुमति दिने विषयमा पुनर्विचार गर्नुपर्ने तर्क गर्दै आएका छन्। जापान इनोभेसन पार्टीका प्रमुख हिरोफुमी योशिमुराले पनि अमेरिका-जापान सुरक्षा गठबन्धनको सन्दर्भमा उक्त सिद्धान्तबारे छलफल आवश्यक रहेको बताउनुभएको छ।

उहाँले आणविक हतियारविहीन विश्व निर्माणका लागि काम गर्नुपर्नेमा जोड दिँदै अमेरिकी गठबन्धनअन्तर्गत विस्तारित आणविक निरोध क्षमता कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल गर्न सकिने बताउनुभयो । तर आलोचकहरूले प्रधानमन्त्री ताकाइचीको सैन्य क्षमतामा केन्द्रित सुरक्षा नीतिले जापानको सुरक्षा जोखिम झन् बढाउन सक्ने चेतावनी दिएका छन्।

हिरोसिमा आक्रमणबाट बाँच्नुभएका तानाकाले प्रधानमन्त्री ताकाइचीसँगको भेटमा जापानको आणविक नीतिको भविष्यबारे स्पष्टता माग्नुभएको थियो । जवाफमा ताकाइचीले जापान हाल तीन गैर-आणविक सिद्धान्तमा कायम रहेको बताउनुभएको थियो।

तानाकाले प्रधानमन्त्रीको जवाफले वर्तमान अवस्थाबारे मात्र जानकारी दिएको र भविष्यमा जापानको नीति के हुन्छ भन्ने स्पष्ट नगरेको बताउँदै त्यसबाट आफू थप चिन्तित भएको प्रतिक्रिया दिनुभयो।

# पश्चिमी नाइजरमा बस दुर्घटना हुँदा २१ जनाको मृत्यु, ३७ घाइते

एएफपी । पश्चिमी नाइजरमा शुक्रबार दुई यात्रुवाहक बस आपसमा ठोक्किँदा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने ३७ जना घाइते भएका छन्।

नाइजर समाचार एजेन्सी (एएनपी) का अनुसार दुर्घटना माडाउवा सहरबाट करिब ५५ किलोमिटर टाढा माराडी-माडाउवा सडकखण्डमा भएको हो।

दुर्घटनामा परेका दुई बसमध्ये एउटामा सैनिक जवानहरू सवार रहेको बताइएको छ। घाइतेहरूको उपचार भइरहेको तथा दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिएको एएनपीले जनाएको छ।

नाइजरमा सडक दुर्घटना बढिरहेका बेला पछिल्लो घटना भएको हो। तीव्र गति, मादकपदार्थ सेवन गरी सवारी चलाउनु तथा सवारीसाधन र सडकको खराब अवस्थालाई यहाँ हुने सडक दुर्घटनाका प्रमुख कारण मानिन्छ।

नाइजर सडक सुरक्षा एजेन्सीको प्रतिवेदन उद्धृत गर्दै एएनपीले सन् २०२५ मा देशभर सात हजार एक सयभन्दा बढी सडक दुर्घटना भएको जनाएको छ।

# पर्यटन नीति एकातिर, बजेटको बाटो अर्कैतिर

सुदूरपश्चिम । खप्तडका फाँटमा घाम झुल्किँदा पहाडका काखमा फैलिएको हरियालीले पर्यटकलाई बोलाउँछन् । अपि र साइपाल हिमालका सेता चुचुराले प्राकृतिक सौन्दर्यको कथा सुनाउँछन् । बडिमालिकाको आफ्नै धार्मिक महिमा छ । शुक्लाफाँटामा बाह्रसिङ्गाको बथान दौडिन्छ । रामारोशनका तालमा हिमालको छायाँ देखिन्छ भने घोडाघोडी तालमा चराको चिरबिरसँगै पर्यटनको सम्भावना पनि सुनिन्छ ।

त्रिपुरासुन्दरी, उग्रतारा, वैद्यनाथधाम, परशुरामधाम, मल्लिकार्जुनलगायत ऐतिहासिक तथा धार्मिक सम्पदा, पहाडी-हिमाली गाउँका मौलिक जीवनशैली, पदयात्रा, जलपर्यटन र साहसिक गतिविधि सुदूरपश्चिमको पर्यटन विकासका बलिया आधार हुन् । यी सम्भावनालाई सरकारले पनि वर्षौंदेखि आर्थिक समृद्धि, रोजगारी र उद्यमशीलतासँग जोडेर व्याख्या गर्दै आएको छ ।

आर्थिक सर्वेक्षणले पर्यटनलाई प्रदेशको विकासको प्रमुख सम्भावनाका रूपमा औँल्याएको छ । प्रदेशमा छुट्टै पर्यटन ऐन बनेको छ । पर्यटन गुरुयोजना तयार भएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिले पनि समुदायमा आधारित पर्यटन, होमस्टे, गन्तव्य प्रवर्द्धन र पर्यटकमैत्री पूर्वाधारलाई प्राथमिकता दिएको छ, तर नीति र योजनाले देखाएको बाटो र प्रदेश सरकारको बजेट कार्यान्वयनको तस्बिर भने फरक छ ।

प्रदेश सरकारले पर्यटनलाई उद्योग, रोजगारी र स्थानीय अर्थतन्त्रसँग जोड्ने लक्ष्य राखे पनि पर्यटन क्षेत्रका लागि विनियोजित बजेटको ठूलो हिस्सा अझै पनि छरिएका पूर्वाधार तथा संरचना निर्माणमै केन्द्रित छ । यस्ता कार्यले पर्यटन अर्थतन्त्र निर्माणमा सहयोग गर्न नसकिरहेको सरोकार भएकाहरूको भनाइ छ ।



### बजेटको ठूलो हिस्सा संरचनामै

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को पर्यटन क्षेत्रसम्बन्धी योजनाले यही अन्तरलाई देखाउँछ । मन्त्रालयले गत वर्ष पर्यटन क्षेत्रअन्तर्गत पूर्वाधार योजना तथा रोजगारी, क्षमता अभिवृद्धि तथा संस्थागत विकास, पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार र पर्यटकीय वस्तु तथा सेवा विस्तारका कार्यक्रम सञ्चालन गरेको थियो ।

ती कार्यक्रमका लागि रु ४६ करोड ३० लाख विनियोजन गरिएको थियो, तर विनियोजनको ठूलो हिस्सा पूर्वाधारमै खर्च भयो । पूर्वाधारतर्फ २९९ योजना कार्यान्वयनमा थिए । तीमध्ये धेरै योजना धार्मिक संरचनासँग सम्बन्धित थिए । मन्त्रालयको विवरणअनुसार १३३ मन्दिर, छ क्रिश्चियन मण्डली, दुई मस्जिद, एउटा थारू देउथान मरुवा, आठ धर्मशाला, एउटा मूर्ति निर्माण र २२ धार्मिक क्षेत्र घेरापर्खाल गरी धार्मिक क्षेत्रसँग सम्बन्धित १७४ योजना थिए ।

यी योजनामा रु २७ करोड दुई लाख खर्च भएको छ । यसले पूर्वाधारतर्फको खर्चको ठूलो हिस्सा अर्थात् ६०.२४ प्रतिशत रकम धार्मिक संरचनामा केन्द्रित भएको देखिन्छ । मन्दिर निर्माणमा मात्रै रु १८ करोड ६१ लाख खर्च भएको मन्त्रालयको विवरण छ, जुन कुल पर्यटन बजेटको करिब ३७ प्रतिशत हो । यस्तै, थारू देउथान तथा मरुवा निर्माणमा रु एक करोड ५० लाख, धर्मशाला निर्माणमा रु दुई करोड १० लाख, धार्मिक क्षेत्र व्यवस्थापन तथा घेरापर्खालमा रु दुई करोड ७३ लाख र मस्जिद निर्माणमा रु ४० लाख खर्च भएको छ । धार्मिक सम्पदामा गरिएको लगानीलाई पर्यटन विकासको महत्त्वपूर्ण हिस्सा मानिएको छ, तर त्यो लगानीले पर्यटकको आगमन, बसाइ, खर्च, स्थानीय उत्पादनको बिक्री र रोजगारी बढाउने पर्यटन चक्र निर्माण गर्न कति योगदान गऱ्यो भन्ने लेखाजोखा बाँकी छ ।

### सेवा विस्तारमा थोरै लगानी

गत वर्ष पदमार्ग निर्माणका ६३ योजनामा रु आठ करोड २० लाख खर्च भएको छ । पर्यटकीय पार्क निर्माणका १८ योजनामा रु दुई करोड ९० लाख, सामाजिक भवन निर्माणका नौ योजनामा रु एक करोड ७३ लाख र ट्रस भवन निर्माणमा रु एक करोड १५ लाख खर्च भएको मन्त्रालयको विवरणमा उल्लेख छ । पदमार्ग, पार्क, धार्मिक सम्पदा र पर्यटकीय पूर्वाधार पर्यटनका लागि आवश्यक संरचना हुन्, तर संरचना निर्माणमात्रै पर्यटन उद्योगको आधार बन्न नसक्ने यस क्षेत्रका जानकारहरूको भनाइ छ ।

पर्यटक कुनै गन्तव्यमा पुगेर कति समय बस्छ, के खान्छ, स्थानीय उत्पादन के किन्छ, कुन सेवा प्रयोग गर्छ र त्यसबाट स्थानीय समुदायले कति आम्दानी गर्छ भन्ने विषयले पर्यटन अर्थतन्त्रको वास्तविक प्रभाव निर्धारण गर्ने नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) सुदूरपश्चिमका अध्यक्ष पवनविक्रम सिंहको भनाइ छ । प्रदेशको हालको पर्यटन विकास प्राथमिकताले दीर्घकालीन पर्यटन अर्थतन्त्र निर्माणमा पर्याप्त योगदान गर्न नसक्ने उहाँ बताउनुहुन्छ ।

"सरकारको लगानीले समग्र प्रदेशको विकासमा कति योगदान गर्छ भन्ने लेखाजोखा गरेर योजना बनाइनुपर्छ । हालको विकास अभ्यासले तजबिजका आधारमा बजेट विनियोजन गर्ने प्रवृत्ति देखिन्छ । यसले पर्यटन क्षेत्रको दीर्घकालीन विकासमा योगदान गरिरहेको छैन", सिंहले भन्नुभयो । सरकारले आफ्नै पर्यटन गुरुयोजना, नीति र अन्य प्रदेशले गरेका असल अभ्यासलाई आधार बनाएर लगानीको प्राथमिकता निर्धारण गर्नुपर्नेमा सिंह जोड दिनुहुन्छ । "कसले के स्वार्थले माग राख्यो, त्यो मागको आवश्यकता के हो ? त्यसले पर्यटन विकासको प्राथमिकतासँग मेल खान्छ कि खाँदैन भनेर विश्लेषणपछि मात्रै कार्यान्वयन गरिनुपर्छ । हाल त्यस्तो भइरहेको छैन", उहाँले भन्नुभयो ।

### 'नीतिले खोजेको यस्तो होइन'

सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ ले पर्यटनलाई आर्थिक विकास, रोजगारी सृजना, निजी लगानी, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र दिगो पर्यटन विकासको माध्यमका रूपमा परिकल्पना गरेको छ ।

पर्यटन गुरुयोजनाले पनि साहसिक पर्यटन, धार्मिक पर्यटन, प्रकृतिमा आधारित पर्यटन, निजी क्षेत्रको साझेदारी र स्थानीय समुदायको सहभागितामार्फत पर्यटन अर्थतन्त्र विस्तार गर्ने लक्ष्य लिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिले समुदायमा आधारित पर्यटन, होमस्टे, पर्यटन प्रवर्द्धन, गन्तव्य विकास, पर्यटकमैत्री पूर्वाधार तथा सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ ले समेत सेवा क्षेत्रको विस्तार र रोजगारी सृजनामा पर्यटनको योगदान बढाउनुपर्ने आवश्यकता औँल्याएको छ, तर बजेटको वास्तविक संरचना हेर्दा नीति र योजनाअनुसार छैन ।

होमस्टे प्रवर्द्धन तथा भवन निर्माणका लागि गत वर्ष रु ५५ लाख खर्च भएको छ । पर्यटन क्षेत्र संरक्षणमा रु ५० लाख, प्राकृतिक ताल संरक्षणमा रु १५ लाख र पर्यटकीय क्षेत्रमा तारजालीका लागि रु १५ लाख खर्च भएको छ । सङ्ग्रहालय, पर्यटक सूचना केन्द्र, सार्वजनिक शौचालय, विश्रामस्थल तथा पर्यटक सेवासँग सम्बन्धित पूर्वाधारमा पनि तुलनात्मक रूपमा सीमित लगानी भएको देखिन्छ ।

### पर्यटन अर्थतन्त्र

पर्यटन अर्थतन्त्रको प्रभाव भवन वा संरचना बनेपछि सकिँदैन । वास्तविक प्रभाव त पर्यटक गन्तव्यमा पुगेपछि सुरु हुन्छ । होटल, होमस्टे, स्थानीय खाना, हस्तकला, यातायात, सांस्कृतिक कार्यक्रम, साहसिक गतिविधि र स्थानीय उत्पादनको बिक्रीबाट समुदायले आम्दानी गर्छ । पर्यटकको बसाइ एक दिन लम्बिँदा पनि त्यसको प्रभाव होटल व्यवसायीदेखि किसान, चालकदेखि स्थानीय उद्यमीसम्म पुग्न सक्छ ।

संस्कृतिविद् पदमराज जोशी 'प्रभात' धार्मिक तथा सांस्कृतिक सम्पदा विकासका नाममा कुलदेउता र मष्ठाजस्ता धार्मिक संरचनामा राज्यको लगानी गर्नु पर्यटन विकासको दीर्घकालीन उपाय नभएको बताउनुहुन्छ । "सरकारलाई धार्मिक क्षेत्रमा लगानी गरिरहेका छौँ भन्ने लागिरहेको छ, तर त्यो अनुत्पादक छ । मष्ठा, कुलदेउताका मन्दिर कुलले नै बनाउने हो, त्यसमा राज्यको लगानी आवश्यक हो होइन सोचौँ", उहाँ भन्नुहुन्छ, "राज्यले त धार्मिक पर्यटनको सम्भावना भएका प्रमुख गन्तव्यलाई केन्द्रमा राखेर पूर्वाधार र सेवा विकास गर्न सक्नुपर्छ । त्यसको लाभ ठूलो भूगोल र समुदायले लिन सक्छ ।"

जोशी सुदूरपश्चिमका धेरै धार्मिक सम्पदाहरूले लगानी पर्खिरहेकाले त्यसमा ध्यान दिनुपर्ने बताउनुहुन्छ । "सुदूरपश्चिममा चार धाम छन् । भगवतीका शक्ति केन्द्र छन् । धार्मिक र प्राकृतिक दुवै हिसाबले विश्वप्रसिद्ध सम्पदा छन्, तिनको विकासले नेपालीमात्रै होइन, नजिकै रहेको भारतका करोडौँ नागरिकलाई आकर्षित गरेर धार्मिक पर्यटनको विकास गर्न सकिन्छ । त्यसबाट लाखौँ रोजगारी सृजना हुन्छ, त्यसतर्फ ध्यान दिन आवश्यक छ", उहाँले भन्नुभयो ।

मन्त्रालयको तथ्याङ्कअनुसार गत वर्ष कार्यान्वयन भएका पर्यटन क्षेत्रका कार्यक्रमबाट एक लाख ३६ हजार ३८० जनाले तत्कालका लागि प्रत्यक्ष रोजगारी पाएका छन्, तर त्यो दीर्घकालीन होइन । त्यसैले स्थायी रोजगारी सृजना, नयाँ उद्यम विकास, पर्यटकको बसाइ र स्थानीय समुदायको आम्दानी बढाउने संरचनामा लगानी गर्नुपर्ने नाट्टा सुदूरपश्चिमका अध्यक्ष सिंहको भनाइ छ । प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईका प्रमुख डबलबहादुर बोहरा धेरैजसो योजना र बजेट धार्मिक मठ, मन्दिरजस्ता संरचनामा छरिँदा दिगो रोजगारी सृजना र गन्तव्य विकासमा पर्याप्त लगानी हुन नसकेको बताउनुहुन्छ । "आफ्नो आस्थाको धरोहर मष्ठा र कुलदेउताको थान बनाउन पनि सरकारकै लगानी खोज्ने प्रवृत्तिले यो समस्या देखिएको हो । हामीले चाहेर पनि त्यस्ता योजना छनोट हुने क्रमलाई रोक्न सकेका छैनौँ । सबै सचेत हुनुपर्ने आवश्यकता छ", उहाँ भन्नुहुन्छ ।

### गुरुयोजना नै मूल आधार

सुदूरपश्चिमसँग धार्मिक सम्पदामात्रै होइन, हिमाली पर्यटन, पदयात्रा, कैलाश मानसरोवर मार्गसँग जोडिने सम्भावना र कर्णाली, महाकाली, सेतीलगायत नदीमा जलपर्यटन तथा समुदायमा आधारित होमस्टेका अनेक सम्भावना छन् । यी सम्भावनालाई आर्थिक शक्तिमा रूपान्तरण गर्न गन्तव्य व्यवस्थापन, डिजिटल प्रवर्द्धन, पर्यटन ब्रान्डिङ, निजी लगानी, स्थानीय उत्पादनको बजारीकरण र समुदायको क्षमता विकासमा निरन्तर लगानी आवश्यक छ । त्यसका लागि नीति र योजनाबीच तालमेल हुनुपर्ने आवश्यकता आफूहरूले पनि महसुस गरेको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा जीवन राना बताउनुहुन्छ ।

"सुदूरपश्चिमको सबलता भनेकै प्राकृतिक र धार्मिक सम्पदा हुन् । यिनको विकासले धार्मिक आस्थाको संरक्षण र पर्यटन क्षेत्रमार्फत समग्र विकासको प्रवर्द्धनमा टेवा पुग्छ । गुरुयोजनाको अभिष्टअनुसार काम गरेमा सबै समस्या समाधान हुन्छ", उहाँ भन्नुहुन्छ ।

डा रानाका अनुसार गुरुयोजना, नीति आयोगको सोच र राजनीतिक तहमा समेत बजेट छर्नेभन्दा दिगो, रूपान्तरणकारी, बहुवर्षीय लाभकारी र बहुउपयोगी क्षेत्रमा लगानी गर्ने सैद्धान्तिक सहमति भए पनि व्यवहारमा कार्यान्वयन हुनसकेको छैन । अब विगतका अनुभवबाट सिक्दै आगामी दिनमा सोहीअनुसार योजना र बजेट निर्माणमा ध्यान दिनुपर्नेमा उहाँको जोड छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी उपसचिव भोजराज पाठक प्रदेशमा रहेका ठूला धार्मिकस्थल तथा पर्यटन गन्तव्यको विकास भएमा साना गन्तव्यको विकासमा समेत स्वतः टेवा पुग्ने धारणा राख्नुहुन्छ । त्यसका लागि लगानीको प्राथमिकता गुरुयोजनासँग जोडिनुपर्नेमा उहाँको भनाइ छ । "धार्मिक क्षेत्रमै लगानी गर्ने हो भने पनि हामीसँग तमाम विकल्प छन् । त्यहाँ पर्यटन गुरुयोजनाअनुसार लगानी भएमा सबै क्षेत्रले लाभ लिने अवस्था बन्छ । त्यसैले योजना माग्ने, सिफारिस गर्ने र अनुमोदन गर्ने सरकारी प्रणालीलाई बदल्न आवश्यक छ", पाठकको जोड छ ।

पर्यटन गुरुयोजनाले परिकल्पना गरेको गन्तव्य विकास, समुदायमा आधारित पर्यटन, निजी क्षेत्रको सहभागिता, स्थानीय उत्पादनको बजारीकरण, सेवा विस्तार र दिगो रोजगारीलाई बजेटको केन्द्रमा राख्न सकेमात्रै सुदूरपश्चिमको प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदा आर्थिक शक्तिमा रूपान्तरण हुने जानकारहरू बताउँछन् । त्यसका लागि नीति र बजेट एउटै दिशामा हिँड्नुपर्ने सरोकार भएकाहरूको मत छ । रासस

## हुलाकबाट एक करोड राजस्व सङ्कलन

नारायणगढ । जिल्ला हुलाक कार्यालय चितवनले गत आर्थिक वर्षमा रु एक करोड नौ लाख १७ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले हुलाक टिकट बिक्री, काउन्टर अटोमेसन, पार्सल तथा रोयल्टीलगायतका विभिन्न सेवा शुल्कबाट उक्त राजस्व सङ्कलन गरेको हो ।

कार्यालय प्रमुख शालिकराम बस्यालका अनुसार समीक्षा अवधिमा सङ्कलित कुल राजस्वमध्ये हुलाक टिकट बिक्रीबाट रु ५८ लाख ७२ हजार तथा काउन्टर अटोमेसन, पार्सल र रोयल्टीलगायतका अन्य सेवा शुल्कबाट रु ५० लाख ४४ हजार सङ्कलन भएको हो । गत आवमा कार्यालयले ९१.११ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । विनियोजित कुल रु छ करोड ३३ लाख ६१ हजार वार्षिक बजेटमध्ये रु पाँच करोड ७७ लाख ३२ हजार खर्च भएको कार्यालय प्रमुख बस्यालले जानकारी दिनुभयो ।

नेपाल सरकारको निर्णयअनुसार गत वर्षदेखि चितवनमा 'एक स्थानीय तह, एक हुलाक'को नयाँ सङ्गठनात्मक संरचना कार्यान्वयनमा ल्याइएको छ । हाल जिल्लाका छवटा स्थानीय तह राप्ती, खैरहनी, रत्ननगर, कालिका र माडी नगरपालिका तथा इच्छाकामना गाउँपालिकामा पालिका हुलाक कार्यालय सञ्चालनमा रहेका छन् । यसबाहेक भरतपुर महानगरपालिकाभित्र चनौली, जगतपुर र नारायणगढमा तीनवटा हुलाक काउन्टर तथा १२ अतिरिक्त हुलाक कार्यालयमार्फत सेवा प्रवाह भइरहेको छ ।

जिल्लामा स्वीकृत ५३ दरबन्दीमध्ये गत वर्ष स्थायी २६ र करारमा २३ गरी ४९ कर्मचारी कार्यरत रहेका थिए । चार पद रिक्त रहेको कार्यालयले जनाएको छ । यसबाहेक २२ जना अतिरिक्त हुलाक जनशक्ति कार्यरत छन् । सञ्चार क्षेत्रतर्फ कार्यालयले जिल्लाका ३५ वटा सञ्चारमाध्यमलाई रु ६० लाख २४ हजार लोककल्याणकारी विज्ञापनबापत भुक्तानी गरेको छ । यस्तै, १७ एफएम रेडियो नवीकरण, २२ पत्रकारलाई परिचयपत्र वितरण तथा १९ अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण गरिएको कार्यालय प्रमुख बस्यालले जानकारी दिनुभयो । रासस

# घ्याङस्वारा अर्ग्यानिक चियाको मूल्य प्रतिकिलो छ हजार

नुवाकोट । नुवाकोटको पञ्चकन्या गाउँपालिकाले उत्पादन गरेको चियाको मूल्य प्रतिकिलो रु छ हजार निर्धारण गरिएको छ ।



पञ्चकन्या-४ घ्याङस्वारास्थित बाँझो जग्गालाई कृषियोग्य बनाई लगाएको चियाको गुणस्तर परीक्षणमा 'उत्कृष्ट' प्राप्त भएसँगै तयारी चियाको शुल्क तोकिएको गाउँपालिकाका अध्यक्ष तेजबहादुर तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय सरकार सञ्चालन ऐनअन्तर्गत बनाइएको 'घ्याङस्वारा अर्ग्यानिक चिया उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, मूल्य निधारण, बिक्री तथा वितरणसम्बन्धी कार्यविधि, २०८३' अनुसार चियाको मूल्य निर्धारण गरिएको हो ।

"घ्याङस्वारामा तीन वर्षअघि रोपेको चियाका बिरुवामध्ये करिब १३ हजार बोटबाट उत्पादन सुरु भएको छ", अध्यक्ष तामाङले भन्नुभयो, "अर्थोडक्स र अर्ग्यानिक चियाको गुणस्तरसहित नेपाली बजार मूल्य, लागत, उपभोक्ताको मागलगायतलाई मध्यनजर गर्दै गरिएको मूल्य निर्धारणले गाउँपालिकालाई व्यावसायिक कारोबारतर्फ अघि बढाउन बाटो खुला भएको छ ।"

स्थानीय सरकार सञ्चालन ऐन र यसअन्तर्गत बनेको कार्यविधिमा उल्लेख भएअनुसार 'घ्याङस्वारा चिया व्यवस्थापन समिति'मार्फत तोकिएको शुल्क कार्यपालिका बैठकबाट पारित भएर कार्यान्वयनमा आएको समितिका सदस्यसचिव सरोजकुमार खातीले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलोपटक गत चैतमा टिपेको पातको प्रशोधनको उत्पादन सफल भएसँगै चियाको आर्थिक कारोबारमार्फत पालिकालाई आम्दानीसँग जोड्न व्यावसायिक प्रयोजनका लागि योजनासहितको लक्ष्य लिइएको छ । गाँउपालिकाले उत्पादन गरेको चियाको मूल्य ५०० ग्रामको रु तीन हजार, २५० ग्रामको रु एक हजार ५००, १०० ग्रामको रु ६००, ५० ग्रामको रु ३०० र २५ ग्रामको रु १५० उल्लेख गरिएको छ ।

उच्च हिमाली एवं पहाडी क्षेत्रमा उत्पादन भएको अर्थोडक्स र अर्ग्यानिक चियाको अहिलेको बजार मूल्यअनुसार पञ्चकन्याले निर्धारण गरेको मूल्य निकै सहुलियत रहेको समितिका सदस्यसचिव तथा रोजगार सीप तथा उद्यमशीलता केन्द्रका संयोजक खातीको भनाइ छ । गाउँपालिकाले गत वैशाखमा यहाँको चियालाई 'घ्याङस्वारा अर्ग्यानिक चिया' नाम दिएर सार्वजनिक गरेको थियो । त्यसपश्चात् ट्रेडमार्क, अनुज्ञापत्रसहितको कानुनी प्रक्रिया पूरा गरेर बजार (उपभोक्ता) मा लैजान मुख्य अवरोध रहेको मूल्य निर्धारणसहितको सञ्चालन प्रक्रिया पूरा गरेको जनाएको छ ।

पञ्चकन्या-४ स्थित घ्याङस्वाराको ३३२ रोपनी सार्वजनिक जग्गामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्र पञ्चकन्याको समन्वयमा चियाको बिरुवा लगाइएको छ । तीमध्ये अहिले १२ हजार ५० बोटले उत्पादन दिन सुरु गरेको हो । चार वर्षअघिसम्म बाँझो रहेका तथा झारपातले ढाकिएका यहाँको सार्वजनिक जग्गालाई कृषियोग्य बनाई जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थीसहित सयौँ स्थानीयवासीको श्रमदानबाट ८३ हजार बिरुवा रोपिएका छन् । उत्पादन भएका पातलाई तयारी चिया बनाउन आवश्यक प्रशोधन ककनीमा रहेको चिया तथा कफी विकास कार्यालयले सहयोग पुऱ्याएको छ ।

समुद्री सतहबाट एक हजार ८०० मिटरदेखि दुई हजार २०० मिटर उचाइमा अवस्थित घ्याङस्वारामा गाउँपालिकाबाट चियाको व्यावसायिक उत्पादनसहित स्थानीय किसानलाई अनुदानमा वितरण गर्न ८४ हजार बिरुवा तयार भएको गाउँपालिकाका उपाध्यक्ष विमला केसीले जानकारी दिनुभयो । रासस


**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**मधेश प्रदेश**

**जनकपुरधाम, धनुषा**

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२५**


यस मन्त्रालयको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल बिरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपुर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपुर्ति गर्ने काम
१४. इन्धन आपुर्ति गर्ने काम


# चार अर्ब ९३ करोड बढी राजस्व सङ्कलन

भद्रपुर । आन्तरिक राजस्व कार्यालयले गत आर्थिक वर्षमा रु चार अर्ब ९३ करोड ४६ लाख ८५ हजार राजस्व सङ्कलन गरेको छ ।




उक्त कार्यालयको रु छ अर्ब छ करोड ८६ लाख २२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो । लक्ष्यको करिब ८१ दशमलव ३१ प्रतिशत राजस्व सङ्कलन भएको छ ।

उक्त कार्यालयका सूचना अधिकारी डिल्लीराम चौलागाईंका अनुसार सङ्कलित राजस्वमध्ये आयकर रु दुई अर्ब ४१ करोड ६१ लाख सात हजार, मूल्य अभिवृद्धि कर (भ्याट) रु एक अर्ब ६६ करोड २९ लाख ९५ हजार र अन्तःशुल्क रु ६७ करोड ८९ लाख पाँच हजार सङ्कलन भएको छ ।

यसैगरी, भाडा आयकर रु पाँच करोड ६६ लाख ७८ हजार, ब्याज कर रु नौ करोड ३६ लाख ८० हजार तथा अन्य शीर्षकमा रु दुई करोड ६३ लाख २१ हजार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । उक्त कार्यालयको कार्यक्षेत्र इलाम, पाँचथर र ताप्लेजुङ हो । रासस


**सूचना! सूचना!! सूचना!!!**

**प्रकाशित मिति: २०८३/०४/२५**

गरुडा खाने पानी तथा उपभोक्ता समितिको ३ तेस्रो अधिवेशन मिति २०८३ साल असोज ३ गते हुने निश्चित भएकाले खाने पानी तथा उपभोक्ता समितिको सेवाग्राही ग्राहकबर्गहरुले मिति २०८३ साल भदौ १५ गते भित्रमा बाँकी बक्यौता रकम भुक्तानी गरेको खण्डमा जरिबाना हर्जानामा १०० प्रतिशत छुट गर्ने, रकम भुक्तानी नगरेको खण्डमा अधिवेसनमा मतदान तथा उमेदवार हुन नपाइने जानकारी गराईन्छ ।

**महासचिव**
**नागेन्द्र चौरसिया**

**सम्पर्क नम्बर** ९८५५०४२३४५, ९८०७२०७७९३, ९८४१५११९४५७

**खाने पानी उपभोता समिती गरुडा, रौतहट**

# प्रदेशमा प्रतिपक्षी बिनाको सरकार बनाउन सकिदैन : थापा



टुडे समाचारदाता

जनकपुरधाम । प्रदेशमा सरकार गठन बारे नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मिलेर संयुक्त सरकार बनाउन नसकिने बताएका छन्।

आइतबार पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्दै भने उनले प्रदेश सरकारबारे ब्रिफिङ गर्दै एमालेसँग पुर्व सहमति अनुसार सरकार बनाउने सकिने हो, तर मधेशमा रहेको कांग्रेस, एमाले र नेकपा मिलेर प्रतिपक्ष बिनाको सरकार बनाउन उचित हुदैन भने।

उनले तत्कालीन कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्षबीच भएको सम्झदारी अनुसार निश्चित समयपछि कांग्रेस नेतृत्वमा रहेको प्रदेशमा एमाले र एमाले नेतृत्वमा रहेको प्रदेशमा कांग्रेसले सरकारको नेतृत्व गर्ने सहमति भएको र सोही सहमति कार्यान्वयन गर्न खोज्दा एमालेसँग कुरा नमिलेको बताए।

उनले प्रदेशमा प्रतिपक्षविहीन सरकार बनाउने कुरा पार्टी, संघीयता र लोकतन्त्रका लागि उपयुक्त नभएको कारण कांग्रेसले अस्वीकार गरेको बैठकपछि संचारकर्मीसँग कुरा गर्दै उनले बताए।

उनले भने, 'हामी प्रदेशमा सरकारमा छौँ। केही ठाउँमा अहिले छैनौँ । हामी नेकपा एमालेसँग एउटा सहमतिमा थियौँ सात वटै प्रदेशमा। मधेश प्रदेशमा विशिष्ट अवस्था थियो । त्यहाँ नेकपा, कांग्रेस र एमालेको संयुक्त सरकार थियो । पहिले आदरणीय नेता शेरबहादुर देउवा पार्टी सभापति हुँदै गर्दा उहाँ र एमालेका अध्यक्षबीचमा हस्ताक्षर भएर सरकार बन्दैगर्दा निश्चित समयपछि कांग्रेस भएको ठाउँमा एमाले र एमाले भएको ठाउँमा कांग्रेसले नेतृत्व गर्ने भन्ने सहमति भएको रहेछ । त्यही समझदारी अनुसार गर्ने भनेर हामीबीच छलफल भयो।'

उनले थपे, 'हामीलाई के प्रस्ताव गरियो भने सबै प्रदेशमा कांग्रेस, एमाले र नेकपा मिलाएर संयुक्त सरकार बनाउनुपर्छ । त्यो प्रस्ताव हामीले मानेनौं। प्रदेशमा अपोजिसन नै नराखी तीन पार्टी मिलेर सरकार बनाउने कुरा ठिक हुँदैन। यो पार्टी, संघीयता र लोकतन्त्रको लागि पनि ठिक छैन।'

उनले संघीय सरकार र प्रतिपक्ष भूमिकामा रहेको प्रदेश सरकारमा कसरी अघि बढ्ने भन्नेबारेमा समेत छलफल अझै गर्नुपर्ने बाँकी रहेको बताए।

## हुलाकी सडक निर्माणमा ८५ प्रतिशत प्रगति

# चार जिल्लामा ३४७ कि.मी. सडक निर्माण, ५८ कि.मी. मात्र बांकी

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लालाई जोड्ने हुलाकी सडक निर्माण तथा स्तरोन्नतिको कामले पछिल्लो समय निकै गति लिएको छ।

गत आर्थिक वर्ष २०८२/०८३ मा हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरधामले उपलब्ध गराएको तथ्यांक अनुसार मधेश प्रदेशका धनुषा, महोत्तरी, सिरहा र सर्लाही गरी चार जिल्लामा गरी ४०६.४३ किलोमिटर सडक निर्माण तथा स्तरोन्नतिको लक्ष्य रहेकोमा ३४७.६३ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ।

कार्यालयका प्रमुख कृष्णकुमार महतोले दिएको जानकारी अनुसार लक्ष्य अनुसार ८५.५३ प्रतिशतले सडक निर्माण तथा स्तरोन्नतितर्फ सडक कालोपत्रे गरिएको छ। गत आ.व.मा लक्ष्य अनुसार मात्र ५८.८० प्रतिशत सडक कालोपत्रे गर्न बांकी रहन गएको हो । चार जिल्लामा सञ्चालित



विभिन्न सडकखण्डमध्ये कतिपय सडक पूर्णरूपमा कालोपत्रे भइसकेका छन् भने केही सडकखण्डमा निर्माण तथा स्तरोन्नतिको काम अझै जारी छ। हुलाकी सडक निर्माणमा नेपाल सरकारको नियमित बजेटसँगै भारतीय अनुदान सहयोगसमेत परिचालन भइरहेको छ।

उनका अनुसार नेपाल सरकारको खर्चबाट ३०२.५५ किलोमीटर र भारतीय अनुदानमा १०३.८८ किलोमीटर सडक कालोपत्रे गर्ने लक्ष्य रहेको थियो। उनले दिएको जानकारी अनुसार बलान कमला सडक, जनकपुर जलेश्वर भिट्ठामोड, त्रिभुवन नगर सडक, शितलपुर मलंगवा खरैयाटोल, नयाँरोड बरहथवा माधोपुर वैकल्पिक सडक र जलेश्वर हर्दि सडकको पूर्ण रुपमा काम सम्पन्न भएको छ।

यस्तै पुल निर्माणतर्फ ६१ वटा पुल मध्ये २४ वटाको काम पूर्ण रुपमा सम्पन्न भइसकेको छ भने निर्माणाधिन अवस्थामा १९ वटा, र १८ वटाको व्यवस्थापन गर्नुपर्ने बांकी रहेको छ। सर्लाही जिल्लामा १६५.९७ किलोमीटरमा १५१.५१ किलोमीटर सडक कालोपत्रे गरिएको हो।

निर्देशनालयको तथ्यांक अनुसार हुलाकी सडकतर्फ ६१ करोड ६२ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा ४६ करोड ४७ लाख रुपैयाँ पुँजीगत खर्च भएको छ । समग्र वित्तीय प्रगति ७५.४१ प्रतिशत पुगेको विवरणमा उल्लेख छ । चालु आर्थिक वर्ष २०८३/८४ का लागि ७४ करोड ९१ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

यसले मधेशका ग्रामीण तथा सीमावर्ती क्षेत्रलाई मुख्य सडक सञ्जालसँग जोड्ने उद्देश्यले अघि बढाइएको हुलाकी सडक कार्यक्रमको ठूलो हिस्सा बाह्य सहयोग र सरकारी लगानीमा आधारित रहेको देखाउँछ।

समग्रमा हेर्दा मधेशका चार जिल्लामा हुलाकी सडक निर्माणले उल्लेख्य प्रगति हासिल गरेको छ । सडक सञ्जालमध्ये अधिकांश भाग कालोपत्रे भइसकेको अवस्थामा अब बाँकी सडक निर्माण, निर्माणाधीन पुलको शीघ्र सम्पन्नता, बाँकी पुलको ठेक्का व्यवस्थापन र निर्माणको गुणस्तर कायम गर्नु आयोजनाको मुख्य चुनौती बनेको छ।

# झुण्डिएको अवस्थामा युवक मृत फेला परे

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको शहीद नगरपालिकामा झुण्डिएको अवस्थामा एक युवक मृत फेला परेका छन्।

प्राप्त जानकारी अनुसार शहिदनगर नगरपालिकामा ३५ वर्षीय पुरुष घरमै झुण्डिएको अवस्थामा मृत फेला परेका हुन्। शहिदनगर नगरपालिका-६ हट्टिपुरका अन्दाजी ३५ वर्षीय मदन कुमार यादव आइतवार बिहान आफ्नै घरको सुत्ने कोठामा झुण्डिएको अवस्थामा मृत फेला परेका हुन्।

प्रहरीका अनुसार यादव शनिवार राति घरमै सुतेका थिए। भोलिपल्ट बिहान १० बजेसम्म पनि नउठेपछि आफन्तले हेर्दा उनलाई कोठाको धुरीको बलोमा साडीको पासो लगाई झुण्डिएको अवस्थामा फेला पारेका थिए । घटनाबारे बिहान ११:५० बजे इलाका प्रहरी कार्यालय यदुकूहामा जानकारी पुगेपछि प्रहरी निरीक्षक रामचन्द्र घिमिरेको कमाण्डमा टोली घटनास्थलमा खटिएको थियो।

घटनास्थल इलाका प्रहरी कार्यालय यदुकूहाबाट करिब ४ किलोमिटर दक्षिणमा रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान तथा कानुनी प्रक्रिया भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# सुधार केन्द्रमा राईनको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको धनुषाधाम नगरपालिका-९ धारापानीस्थित सुभेक्षा फाउण्डेसन सुधार केन्द्रमा सुधारमा बस्दै आएका एक व्यक्तिको मृत्युको भएको छ। बिरामी रहेको भनिएका ती व्यक्तिको उपचारको क्रममा मृत्यु भएको हो।

गणेशमान चारनाथ नगरपालिका-४ का अन्दाजी ४० वर्षीय मोजिबुल राईनलाई बिरामी भएपछि शनिवार साँझ ६:२० बजे प्रादेशिक अस्पताल जनकपुर ल्याइएको थियो। अस्पतालका चिकित्सकले ६:२५ बजे उनलाई मृत घोषणा गरेका थिए।

मृत्युको खबरपछि सुधार केन्द्रका सञ्चालक नितेश कुमार साह अस्पतालबाट फरार भएको सूचना प्रहरीले प्राप्त गरेको जनाएको छ। घटनालगत्तै जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेका थिए।

प्रहरीले मृतकलाई अस्पताल ल्याउन प्रयोग गरिएको मधेश प्रदेश ०२-००१ च ११७४ नम्बरको एम्बुलेन्स र त्यसका चालक धनुषाधाम नगरपालिका-८ मुलाबारीका ३१ वर्षीय नरेश मण्डललाई नियन्त्रणमा लिएको छ।

# सिमरा राजश्वद्वारा १५ करोड बढी राजश्व संकलन

टुडे समाचारदाता

बारा । गत आर्थिक वर्ष २०८२/८३ मा बाराको सिमरास्थित आन्तरिक राजस्व कार्यालयले राजस्व संकलनसँगै करदाताको संख्या पनि उल्लेख्य रूपमा वृद्धि गरेको छ।




कार्यालयका अनुसार गत आ.व. मा १७ करोड ८१ लाख ६७ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०८१/८२ मा १५ करोड २२ लाख ७७ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन भएको थियो।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा राजस्व संकलन करिब १७ प्रतिशतले वृद्धि भएको कार्यालय प्रमुख दिनेश पाण्डेले जानकारी दिए। कार्यालयका अनुसार गत आवमा राजस्व संकलनमा आयकरको हिस्सा सबैभन्दा ठूलो रहेको छ।

आयकरतर्फ १७ करोड ४२ लाख रुपैयाँभन्दा बढी संकलन भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आयकर संकलनमा १०४ प्रतिशतभन्दा बढी वृद्धि भएको कार्यालयले जनाएको छ । मूल्य अभिवृद्धि कर (भ्याट) बाट १५ करोड २८ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ।

भ्याटतर्फको राजस्व अघिल्लो वर्षको तुलनामा करिब ४१ प्रतिशतले वृद्धि भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। अन्तःशुल्कतर्फ ११ करोड ६६ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ।

राजस्व संकलनसँगै कार्यालयको करदाता आधारसमेत विस्तार भएको छ। आर्थिक वर्ष २०८१/८२ मा ८४ हजार ४८४ करदाता दर्ता रहेकोमा गत आवमा उक्त संख्या बढेर ९३ हजार १०९ पुगेको छ।

गत आवमा आयकरतर्फ १६ हजार ४५४, भ्याटतर्फ १० हजार २४५ र अन्तःशुल्कतर्फ १ हजार ६४८ करदाता दर्ता भएका छन् । व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) लिने करदाताको संख्या ६४ हजार ६ सय पुगेको छ भने डब्ल्युप्यानतर्फ १६२ करदाता दर्ता भएका छन् । कार्यालय प्रमुख पाण्डेले राजस्व संकलन र करदाता दर्ता दुवैमा भएको वृद्धि भएको बताएका छन्।

# धनुषा र सिरहाबाट तीनजना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम। धनुषा र सिरहाबाट लागू औषधसहित तीन जनालाई पक्राउ गरिएको प्रहरीका अनुसार धनुषा र सिरहाबाट ब्राउन सुगरजस्तो देखिने लिसाइलो पदार्थसहित दुईजना र लागू औषधसहित एक जना पक्राउ परेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जनकपुरधाम उपमहानगरपालिका ९ कन्या स्कूल नजिकबाट शंकास्पद पदार्थसहित स्थानीय समीर कुमार साहलाई नियन्त्रणमा लिइएको हो। पक्राउ परेका व्यक्तिको साथबाट प्लास्टिकसहित १ दशमलव ६५ ग्राम र प्लास्टिक हटाउँदा १ दशमलव ०६ ग्राम तौल भएको ब्राउन सुगर जस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ।

बरामद पदार्थ प्रारम्भिक रूपमा ब्राउन सुगरजस्तो देखिए पनि यसको वास्तविक प्रकृति पुष्टि गर्न आवश्यक परीक्षण तथा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

उता सिरहाको गोलबजारबाट प्रहरीले प्रतिबन्धित औषधि र ब्राउनसुगरजस्तो देखिने खैरो पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ। गोलबजार नगरपालिका-८ स्थित पुरानो चोहर्वाबाट प्रहरीले २३ वर्षीय जयकुमार नायकलाई ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ सहित पक्राउ गरेको हो।

गोलबजार नगरपालिका-६ निवासी नायक पैदल हिँडिरहेको अवस्थामा शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बरामद पदार्थ प्लास्टिकसहित ६ ग्राम १४ मिलिग्राम र प्लास्टिक हटाउँदा ४ ग्राम ५७ मिलिग्राम रहेको छ।

यस्तै गोलबजारबाटै खटिएको संयुक्त प्रहरी टोलीले गोलबजार नगरपालिका-७ स्थित दुर्गा मन्दिर नजिकबाट १८ वर्षीय शिवप्रसाद राय कुर्मीलाई लागू औषधसहित पक्राउ गरेको जनाएको छ।

मिर्चैया नगरपालिका-८ निवासी कुर्मीमाथि शंका लागेर चेकजाँच गर्दा उनले बोकेको सेतो बोराभित्र लुकाएर राखिएको ओनरेक्स लेखिएको १३ बोतल प्रतिबन्धित औषधि र एक थान मोबाइल बरामद भएको प्रहरीले जनाएको छ।

# सिया मेडिकेयरद्वारा अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिबद्धता

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकास्थित कदम चोकमा सिया मेडिकेयरको आइतबार विधिवत् उद्घाटन गरिएको छ । स्थानीयस्तरमै सहज, भरपर्दो तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सिया मेडिकेयर सञ्चालनमा ल्याइएको हो।



मेडिकेयरका निर्देशक राजकुमार झाले जनकपुरधाम तथा आसपासका नागरिकलाई स्थानीयस्तरमै आवश्यक स्वास्थ्य उपचार तथा स्वास्थ्यसम्बन्धी विभिन्न सेवा उपलब्ध गराउने उद्देश्यले सिया मेडिकेयर स्थापना गरिएको जानकारी दिए।

उनले जनकपुरधामका अस्पतालहरूमा उपचारका लागि पुगेका बिरामीलाई आवश्यक उपचार उपलब्ध गराउनुभन्दा अन्यत्र रिफर गर्ने गरेको आमगुनासोलाई ध्यानमा राख्दै सिया मेडिकेयरले सकेसम्म स्थानीयस्तरमै प्रभावकारी उपचार सेवा प्रदान गर्ने बताए । जनकपुरधामका अस्पतालमाथि लाग्दै आएको 'रिफर सेन्टर'को ट्याग हटाउन सिया मेडिकेयरले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ।

उद्घाटन कार्यक्रममा निर्देशक झाले स्थानीय बासिन्दालाई सहज र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउनु संस्थाको प्रमुख उद्देश्य रहेको बताए । स्वास्थ्य उपचारका लागि बाहिरी जिल्लातर्फ जानुपर्ने बाध्यता कम गर्दै जनकपुरधाममै गुणस्तरीय सेवा उपलब्ध गराउनेतर्फ मेडिकेयर केन्द्रित रहेको उनले बताए।

सिया मेडिकेयरले यसअघि नै ओपीडी सेवा, पैथोलोजी ल्याब, अल्ट्रासाउन्डलगायतका स्वास्थ्य सेवा प्रदान गर्दै आएको जनाएको छ । हाल आठ शय्याबाट सेवा सञ्चालनमा ल्याइएको निर्देशक झाले जानकारी दिए।

उनका अनुसार मेडिकेयरमा आगामी दिनमा स्वास्थ्य सेवाको दायरा थप विस्तार गरिनेछ। इमर्जेन्सी वार्ड, नर्मल डेलिभरी, अपरेसन तथा सर्जरी, ट्रमा सेवा, आईसीयू, एनआईसीयू, जिङ्गल वार्डलगायतका सेवा उपलब्ध गराउने योजना रहेको उनले बताए।

त्यसैगरी बिरामीको आवश्यकतालाई मध्यनजर गर्दै निकट भविष्यमै डायलासिसलगायतका थप विशेषज्ञ स्वास्थ्य सेवासमेत सञ्चालन गर्ने तयारी भइरहेको निर्देशक झाले जानकारी दिए।

स्वास्थ्य उपचारका लागि जनकपुरधाम तथा आसपासका नागरिकले सहज र प्रभावकारी सेवा पाऊन् भन्ने उद्देश्यले आवश्यक पूर्वाधार तथा स्वास्थ्य सेवाको विस्तारलाई प्राथमिकतामा राखिएको सिया मेडिकेयरले जनाएको छ।

मेडिकेयरले आगामी दिनमा सेवा विस्तारसँगै दक्ष जनशक्ति, आधुनिक स्वास्थ्य उपकरण तथा आवश्यक पूर्वाधार थप गर्दै जनकपुरधाममा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउने लक्ष्य लिएको जनाएको छ । स्थानीय नागरिकलाई उपचारका लागि अन्यत्र जानुपर्ने अवस्थालाई कम गर्दै भरपर्दो स्वास्थ्य उपचारको केन्द्रका रूपमा सिया मेडिकेयरलाई विकास गर्ने लक्ष्य रहेको जनाइएको छ।

# घरेलु मदिरासहित चारजना पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज। पर्सा प्रहरीले तीन हजार ५ सय लिटर तयारी घरेलु मदिरासहित सवारीसाधन र चार जनालाई नियन्त्रणमा लिएको छ।

वीरगञ्ज महानगरपालिका-१५ प्रतिमा चोकस्थित सडकखण्डमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी बिशेष टोलीले हेटौँडाबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ज १४०२ नम्बरको सवारीसाधनमा लुकाईछिपाई राखेको घरेलु मदिरा नियन्त्रणमा लिइएको नायब प्रहरी उपरिक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले जनाएको छ।

प्लास्टिकको बोराभित्र १०८ पोकामा दुई हजार २०० लिटर तयारी घरेलु मदिरा फेला परेकाले सवारीसाधनसहित चार जना व्यक्तिलाई नियन्त्रणमा लिई उक्त सवारीसाधन र घरेलु मदिरा बरामद गरी थप अनुसन्धान तथा कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय घडिअर्वामा बुझाइएको उनले बताए। प्रहरीले हेटौँडाका मनोजकुमार थिङ र बाराका कोपिला गुरुङ, रेनु तामाङ र माया पाख्रिनलाई पनि नियन्त्रणमा लिएको छ।

साथै सोही 'अपरेसन'का क्रममा आज वीरगञ्ज महानगरपालिका-१५ त्रिशूल चोकस्थित गैरकानुनी रूपमा भण्डारण गरी राखिएको थप ७५ पोकामा एक हजार ३०० लिटर घरेलु मदिरा बरामद गरी थप अनुसन्धान भइरहेको प्रवक्ता मल्लले बताए।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८